आत्महत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस ३० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 14 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३९

## मुख्तारको हत्या आरोपमा पाँचजना पक्राउ

प्रस, वीरगंज, २९ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले पत्रकार सम्मेलन गरी पुस २२ गते मृत भेटिएका वीरगंज-३ डेरा गरी बस्ने भारतीय नागरिक मुख्तार मियाँको हत्या भएको र सो सम्बन्धमा पाँचजनालाई पक्राउ गरिएको बताएको छ ।


पत्रकार सम्मेलनमा मुख्तार हत्यामा संलग्नहरूलाई सार्वजनिक गरिँदै । तस्वीर सौजन्यः जिप्रका, पर्सा

जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले पुस २१ गते साँझदेखि ई-रिक्शासहित हराएका मुख्तार मियाँकी पत्नीले २२ गते निवेदन दिएको र सोही दिन मुख्तारको शव वयोधा अस्पतालको पछाडिपट्टि वीरगंज-२३ इटियाहीस्थित नहरमा फेला परेको सन्दर्भमा अनुसन्धान गर्दा रिसइवी र आर्थिक प्रलोभनको कारण निजको हत्या भएको देखिएको बताए । उनले घटनामा प्रत्यक्षरूपमा संलग्न चारजनामध्ये तीनजना पक्राउ परेका र एकजना फरार भएको तथा दुईजना मतियारलाई पनि पक्राउ गरिएको बताए ।

पक्राउ पर्नेमा मुख्तारसँगै कार्टुन कारखानामा कार्यरत निजका छिमेकी भारतीय नागरिक सुनीलकुमार, बारा, परवानीपुर निवासी नितेश पटेल र मुख्तारकै घरमा बस्ने सपन मण्डल रहेको प्रवक्ता खनालले बताए । पक्राउ परेका यी तीनमध्ये सुनील र नितेशविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको तथा मण्डल र दुईजना मतियार नाजीर हुसेन, बाबर हुसेनविरुद्ध सार्वजनिक अपराध मुद्दा तत्काल दर्ता भएको र थप अनुसन्धानपछि निजहरूमाथि सोही मुद्दा दर्ता हुने बताए ।

घटना अनुसन्धानमा सुनील र मुख्तारका पत्नीबीच झगडा भएको र सोही कुरालाई लिएर सुनीलले मुख्तारलाई ज्यान मार्ने धम्की दिएको तथा निजकै योजनामा हत्या भएको अनुसन्धानबाट खुलेको बताएका थिए । गर्भवती महिलालाई गण्डकबाट ल्याउनुपर्ने भनेर मुख्तारलाई रु पाँच सय भाडा तय गरी ई-रिक्शामा बसेर गएको र रिन्चले प्रहार गरी हत्या गरेको तथ्य निजको शव व्यवस्थापनमा नाजीर, बाबरसमेतले सघाएको प्रवक्ता खनालले बताए ।

मुख्तारको शव भेटिएको स्थानबाट निजले लगाएको ज्याकेट, मास्क, टोपी, जुत्ता र सो ठाउँमा रगतको टाटो देखिएपछि हत्या भएको खुलेको र सोही अनुरूपको अनुसन्धान गर्दा यी व्यक्तिहरूको संलग्नता पुष्टि भएको उनले दाबी गरे ।

घटनामा प्रहरीले मुख्तारको ई-रिक्शा बाराको फेटा गाउँपालिका-४ पिलाहा सडकबाट पुस २५ गते बरामद गरेको थियो ।

## राष्ट्रिय वनको दशौं बिघा जग्गा अझै अतिक्रमित

प्रस, पर्सागढी, २९ पुस/

पर्सागढी नगरपालिका-३ को सबडिभिजन वन कार्यालय मधुवन मथवल र सबैया साझेदारी वन उपभोक्ता समूहको सिर्जनाटोलका बासिन्दाले राष्ट्रिय वनको दशौं बिघा जग्गा अतिक्रमण गरेको सन्दर्भमा डिभिजन वन कार्यालय, पर्सा पुनः मौन छ ।


पर्सागढी नपा-३ को सिर्जनाटोलमा राष्ट्रिय वनको अतिक्रमित जग्गामा गरिएको वृक्षारोपण । तस्वीरः फाइल

प्रतीक दैनिकमा दुई वर्ष पहिले समाचार प्रकाशन भएपछि टोलवासीले राष्ट्रिय वनले बनाएको सडकमा हाल डिभिजन वन कार्यालय, पर्साका निमित्त प्रमुख तत्कालीन सबडिभिजन वन कार्यालय मधुवन मथवलका प्रमुख फरमान मियाँको नेतृत्वमा अतिक्रमित वृक्षारोपण गरेका थिए । २०७६ भदौमा राष्ट्रिय वनको जग्गा अतिक्रमण गरी बनाइएको सडकमा डिभिजन वन कार्यालय सबैया साझेदारी, वडाध्यक्षासमेतको सहभागितामा वृक्षारोपण गरिएको थियो । वृक्षारोपण गरिएको दुई महीनापछि पुनः सडक सञ्चालनमा आएको थियो । त्यतिखेरदेखि अहिलेसम्म सडक सञ्चालनमा छ ।

तत्कालीन सबडिभिजन वन कार्यालय मधुवन मथवलका प्रमुख अहिले डिभिजन वन कार्यालय, पर्साका निमित्त प्रमुख छन् । उनलाई यसबारे सोध्दा सडक अतिक्रमण हटाउनेमात्र प्रतिक्रिया दिन्छन् । बाँकी काम हुन सकेको छैन । सिर्जनाटोलमा ६३ घर परिवार छ र अहिले उनीहरूले दशौं विघा राष्ट्रिय वनको जग्गा अतिक्रमण गरेर बसेका छन् ।

## महानगरको विद्यालयमा आगजनी, तोडफोड

प्रस, वीरगंज, २९ पुस/

वीरगंज महानगर-३ प्रगतिनगरमा रहेको पुरानो जनजाति स्कूल तथा हालको महानगरपालिका आधारभूत विद्यालयमा अज्ञात समूहले आगजनी गरेको छ ।


आगजनीबाट जलेको कागजात र फर्निचर । तस्वीरः प्रतीक

मङ्गलवार राति ११ बजे विद्यालय बन्द भएको मौका छोपी अज्ञात समूहले प्रअको कक्षमा आगजनी गरेको वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक राजेश पुरीले बताए । उनले बिहीवार विद्यालय व्यवस्थापन समितिको बैठक बस्ने क्रममा प्रअ, शिक्षकहरू विद्यालय गएको र आगलागीबारे थाहा पाएपछि प्रहरीमा खबर गरेको बताए । उनले आगलागीबाट सामान्य क्षति भएको र खासगरी विद्यालयका कागजातहरू जलाइएको पाएको बताए । विद्यालयका प्रअ रामाधारप्रसाद साहले विद्यालय व्यवस्थापन समितिको बैठकको क्रममा पियन सरसफाइ गर्दा आगलागीको गन्ध पाएको र निजले खबर गरेको बताए ।

उनले कम्प्युटर चोरी भएको र सिसिटिभी क्यामरा, मोनिटर, प्रिन्टर तोडफोड तथा कागजपत्र मात्र जलाइएकोले पूर्वप्रअमाथि आशङ्का व्यक्त गरे । प्रअ साहले आफूलाई अहिलेसम्म यस अघिका प्रअले बुझबुझारथ नगरेको र अहिले कागजपत्र जलाइएको, कम्प्युटर चोरी भएको कारण आवश्यक कागजातहरू नष्ट गर्ने प्रयास भएको भन्दै पूर्वप्रअमाथि शङ्का जाहेर गरे । प्रनि पुरीले घटनाबारे अनुसन्धान भइरहेको बताएका छन् ।

## पोखरियाका सामुदायिक विद्यालय पनि बन्द

प्रस, पोखरिया, २९ पुस/

पोखरिया नगरपालिकाले नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूलाई बिहीवारदेखि बन्द गरेको छ । यस अघि विज्ञान तथा शिक्षा मन्त्रालयले पुस २७ गतेदेखि माघ १५ गतेसम्म आधारभूत तथा माध्यमिक विद्यालय तह बन्द गर्न र सो बिदालाई वार्षिक बिदामा समावेश गर्न निर्देशन दिंदा पठनपाठन प्रभावित हुने भन्दै पोखरिया नपाले विद्यालय बन्द गरेको थिएन ।

पोखरिया नपामा चौबीसवटा सामुदायिक विद्यालय छन् । पछिल्लो चरणमा जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या बढेपछि जोखिम नलिएर विद्यालय बन्द गरिएको शिक्षा शाखाका विजय झाले बताए । उनले कोरोना सङ्क्रमण दर निरन्तर बढिरहेको कारण विद्यार्थीहरूलाई भौतिकरूपमा सहभागी गराएर पठनपाठन गराउँदा जोखिम हुने कुरालाई मध्यनजर गर्दै बिहीवार २९ गतेदेखि विद्यालय बन्द गरिएको बताए ।

शिक्षा शाखा प्रमुख झाले यो अवधिमा १२ देखि १७ उमेर समूहका ११२५ जनालाई कोरोनाविरुद्ध पहिलो खोप दिइएको बताएका छन् ।

## वागमतीका मुख्यमन्त्रीद्वारा निजगढ विमानस्थलको अवलोकन

जीतलाल श्रेष्ठ, निजगढ, २९ पुस/

वागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण क्षेत्रको बिहीवार भ्रमण गरेका छन् ।

विमानस्थलको पश्चिम उत्तरी क्षेत्र पसाहा पुल, टाँगियाबस्ती, ककरी, कोल्हवी, भीमसखुवा हुँदै निजगढको तामागढी विमानस्थल निर्माण क्षेत्रको अवलोकन गरेका थिए ।

अवलोकनपछि निजगढ नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा बोल्दै उनले विमानस्थल निर्माणमा ढिलाइ गर्न नहुने बताए । उनले विमानस्थल निर्माणमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको चासो र चिन्ता रहेको बताए । उनले नेपाल र नेपालीको विकास, समृद्धि र भविष्यसँग जोडिएको यस राष्ट्रिय गौरवको महत्त्वपूर्ण आयोजना निर्माणमा बहानाबाजी गर्न नहुने बताए । उनले विमानस्थलको मध्यभागमा रहेको टाँगियाबस्तीका बासिन्दाको यथोचित माग सम्बोधन गर्न सरकारलाई आग्रह गरे ।

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना प्रमुख विजय यादवले विमानस्थल निर्माणका लागि टाँगियाबस्ती मुख्य समस्याको रूपमा रहेको बताए । उनले कैयौंपटक यसको उचित व्यवस्थापनको गृहकार्य गरिसकेको तर


निजगढ विमानस्थलको अवलोकन गर्दै वागमतीका मुख्यमन्त्रीलगायत ।

सरकारले बेलामा निर्णय नगर्दा समस्या यथावत् रहेको बताए । उनले काटगाँउ, ककरीलगायतको ११० विघा ३ कठ्ठा नम्बरी जग्गामध्ये ४६ करोड ९१ लाख मुआब्जा दिई करीब ७० बिघा जग्गा आयोजनाले आफ्नो स्वामित्वमा लिएको र बाँकी जग्गा अधिग्रहणको प्रक्रिया चलिरहेको बताए ।

निजगढका नगरप्रमुख सुरेशकुमार खनालले टाँगियाबस्ती स्थान्तरण गरी त्यहाँका मानिसहरूलाई क्षमता अनुसार रोजगार दिनुपर्ने सुझाए ।

डिभिजन वन कार्यालय बाराका प्रमुख मन्जुर अहमदले विमानस्थल निर्माणका लागि चाहिने कुल ११ हजार ८ सय ७५ बिघा क्षेत्रफलमध्ये पहिलो चरणका लागि १९ सय हेक्टर वन क्षेत्रमा नम्बरिङ, टच्यागिङ कार्य शुरू गरिए पनि दुईवटा प्लाटिङ्मा ५७ हजार ३५० मा नम्बरिङ, टच्यागिङ भएको बताए । उनले सो कार्यलाई निरन्तरता दिन थप

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जिन्दगीमा मित्र र भरोसा कहिले पनि नगुमाउनु, किनकि जो कोही मित्र हुन सक्दैन र जस कसैमाथि भरोसा पनि गर्न सकिँदैन ।**

| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# एमालेमा मसल


**नेकपा एमाले पर्साको आठौं जिल्ला अधिवेशनमा कुटाकुट भएको छ। कुटाकुटको क्रममा सभास्थलका कुर्सी, फूलका गमलाहरूसमेत तोडफोड भएका छन् । सर्वसम्मत नेतृत्व चयन गर्ने कि मतदानमार्फत नेतृत्व चयन गर्ने कुरामा मत बाझिएपछि एक पक्षले हङ्गामा मचाएको हो । अध्यक्ष मण्डलको जोड सर्वसम्मत अर्थात् सहमतिको आधारमा नेतृत्व चयन गर्ने रह्यो । अध्यक्ष मण्डलमा सोही पार्टीका केन्द्रीय पदाधिकारीसमेत जिल्लाबाट केन्द्रमा पुगेका नेताहरू थिए । उपल्लो नेतृत्वको प्रस्ताव स्वीकार गर्ने पक्ष एकातर्फ रह्यो भने स्वीकार नगर्ने पक्षले अध्यक्ष मण्डलविरुद्ध प्रदर्शन गर्‍यो। मध्य रातदेखि शुरू भएको नाराबाजी तथा विरोध प्रदर्शनले निरन्तरता पाएपछि अधिवेशन बिथोलिएको छ। अर्को सूचना जारी नभएसम्म अधिवेशन स्थगित भएको कुरा सो पार्टीले जनाएको छ ।**

**पर्सामा मात्रै होइन, यसपटक मुलुकका अन्य जिल्ला, जहाँजहाँ एमालेको नेतृत्व चयनका लागि चुनाव भयो, त्यहाँत्यहाँ झडप भएको कुरा आइरहेको छ । चितवनलगायत केही जिल्लामा निर्वाचन प्रक्रिया पछि सारिएको छ । चुनावी प्रक्रियामा जाँदा आन्तरिक द्वन्द्व बढ्ने र गुट उपगुट झाङ्गिने भएकोले पनि सकभर सहमति होस् भन्ने आशय सो पार्टीका केन्द्रीय नेतृत्वको देखिन्छ । जनमतमा आधारित चुनाव लोकतन्त्रको मेरुदण्ड हो । मुलुकमा लोकतान्त्रिक व्यवस्था छ । यही व्यवस्थाको ऐन, कानूनभित्र रहेर राजनीतिक दलहरू दर्ता भएका छन् । यसर्थ पनि लोकतान्त्रिक विधि अँगाल्नुपर्छ भन्ने तर्क कमजोर छैन । तर कम्युनिस्टहरू जनमतमा आधारित चुनावमा विस्वास गर्दैनन् । उनीहरू बाध्यात्मक अवस्थामा चुनावी प्रक्रियालाई उपयोग मात्रै गर्दै जनवादी केन्द्रीयता अर्थात् पार्टी उपल्लो तहको मूल्याङ्कनको आधारमा जिम्मेवारी सुम्पन्छन् । मतदानलाई आधार मान्दा पैसा हुने व्यक्तिले जनमत खरीद गर्न सक्छ। त्यसो भएमा पैसावालाले सजिलै पार्टी कब्जा गर्ने हुँदा निम्नस्तर वा सर्वहारा वर्गका इमानदार नेता–कार्यकर्ता पाखा लाग्छन् भन्ने तर्क पुराना कम्युनिस्ठहरूको छ। मार्क्सवादी कोणबाट हेर्दा यो तर्क बलियो र वास्तविक ठहर्छ ।**

**जहाँ विचारको लडाइँ कमजोर हुन्छ, त्यहाँ मसलको लडाइँ शुरू हुन्छ। विगतमा काङ्ग्रेसलगायत पूँजीवादी धारका राजनीतिक दलको भेला तथा अधिवेशनमा पार्टी कार्यकर्ताबीच लात–जुत्ता चलेको खबरहरू आउँथे। केही दिन पहिले नेका प्रदेश–२ को अधिवेशनमा पनि कुटाकुट भएको थियो । कम्युनिस्टहरू एउटा अक्षर, शब्दमा पनि व्याख्या, विश्लेषण, बहस गर्ने र फरक मत राख्ने पुरानो विशेषता हो । सो विशेषता रूपान्तरित हुँदै मसलमा परिणत भइरहेको छ । एमालेलाई मतदाताले भाइ–काङ्ग्रेस पनि भन्न थालेका छन्। काङ्ग्रेसभन्दा कुनै पनि कुरामा फरक नदेखिएपछि स्थापना मितिको हिसाबले हेर्दा काङ्ग्रेसभन्दा एमाले भाइ हो । तर भाइ–काङ्ग्रेस नै भइसकेको अवस्था भने एमालेको होइन । काङ्ग्रेस लोकतान्त्रिक प्रणाली, पूँजीवाद हुँदै समाजवादमा विश्वास राख्छ। एमालेले आफूलाई साम्यवादी नै भनिरहेको छ, तर पार्टीको सङ्गठनात्मक संरचना र नेता–कार्यकर्ताहरूको शैली भने पूँजीवादी छ। पूँजीवाद र साम्यवादको वैचारिक दोधारमा रहेको कारण सो पार्टीका नेता–कार्यकर्ताहरूमा वैचारिक दुर्बलता छ। जहाँ विचार सकिन्छ, त्यहाँ मसल अस्तित्ववान हुनु नितान्त स्वाभाविक कुरा हो ।**

# नेपाली किसानको अरण्य–रोदन

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**व्यापारीले तोक्ने मूल्यका कारण किसानहरू मर्कामा नपरून् भनेर कृषि उपजमा न्यूनतम समर्थन मूल्य तोकिन्छ। एउटा किसान मात्रै त्यस्तो निरीह र दयनीय पात्र हो, जो आफ्नो उत्पादनको मूल्य आफैंले तोक्न सक्दैन।**

यस वर्ष पनि पुस–माघको जाडोमा नेपाली किसान आफ्नो उत्पादनको उचित मूल्य र कृषि उत्पादनका सामग्री माग गर्दै सडक आन्दोलन गर्न बाध्य छन् । एकातिर सरकारले किसानलाई समयमैं मल–खाद उपल्बध नगराउनु र अर्को तिर मल–खाद उपलब्ध गराउने जिम्मा बोकेकाहरूले अर्बौं रुपियाँको भ्रष्टाचार गर्नुले स्वाभाविक रूपमा जो कोहीलाई दुःखी र आक्रोशित बनाउँछ । अहिले तराई–मधेसमा जारी आन्दोलनलाई नैतिक रूपले समर्थन गर्नुपर्ने बाध्यता देखिन्छ। किसानप्रति सरकारको उदासीनता र कर्मचारीवर्गमा देखिएको भ्रष्टाचार मोहले किसानको पक्षमा उभिरहन जो कोहीलाई बाध्य पारेको छ। नेपाली किसानका अन्त्यहीन पीडाको समाधान कहिले र कसले गर्ने हो ?

कहिले बाढी, कहिले सुख्खा र अन्य प्राकृतिक आपदाका कारण लागत अनुसार प्रतिफल पाउन नसकिरहेका नेपाली किसानहरू सरकारको अदूरदर्शी एवं अवैज्ञानिक नीतिका कारण निरन्तर कष्टकर तथा घाटाको पेशामा लागिरहन बाध्य छन्। यस वर्ष तोकिएको उखुको समर्थन मूल्य पनि किसान–मैत्री छैन । सरकारका कृषिमन्त्रीले किसानको आवश्यकता र माग अनुसार मलखाद उपलब्ध गराउन नसकिने भन्दै आफ्नो असमर्थता व्यक्त गरिसकेका छन् । किसान पृष्ठभूमिबाट राजनीतिमा पदार्पण गरेका सङ्घीय सरकारका कृषि तथा पशुपक्षीमन्त्री महेन्द्रराय यादव विगत डेढ दशकदेखि मधेसी राजनीतिका प्रमुख हस्ती हुन् । उनले रासायनिक मलको अभाव तत्काल समाधान गर्न सम्भव नभएको भन्दै अर्गेनिक मल प्रयोग गर्न किसानहरूलाई सुझाव दिएका छन् । नेपाली किसानहरूको अन्त्यहीन पीडा किसान पृष्ठभूमिका मधेसवादी नेताबाट पनि शमन नहुने देखिएको छ ।

गत वर्ष पुस–माघ महीनामैं सर्लाहीका उखु किसान नारायणराय यादवले चिनी मिलबाट पाउनुपर्ने बकाया रकम माग गर्दै काठमाडौंमा अनिश्चितकालीन धर्ना बसेका कारण कठाङ्ग्रिएर ज्यान गुमाउनुपरेको थियो । आज सर्लाहीकै किसान नेता कृषिमन्त्री बनेका छन् तर पनि किसानको दुःख यथावत् छ। कृषि मन्त्री यादवले अन्तर्राष्ट्रिय जगत्मा पनि मल–खादको अभाव भएको तर्क दिएका छन्, जुन नेताहरूका लागि नयाँ तर्क होइन। उनले रासायनिक मलको अभाव कम गर्न जिटूजी माध्यम उपयुक्त भएपनि र धेरै देशसँग पत्राचार गर्दा पनि कसैले नदिएकोले तत्काल किसानको माग अनुसार मल–खाद आपूर्ति गर्न नसकिने असमर्थता जनाइसकेका छन् । नेपाल सरकारले उत्तरी छिमेकी चीनमाथि अत्यधिक विश्वास गरी मलखाद खरीद गर्ने सम्झौता गरेको थियो। तर अन्तिम समयमा चीनले आपूर्ति गर्न नसकिने बताएपछि नेपालमा मलखादको समस्या उत्पन्न भएको हो। कृषिमन्त्रीले समस्या देखाउने होइन, उनको काम समस्या समाधान गर्नु हो। मधेसी दलका नेताको नाताले उनले कृषिकको समस्या राम्ररी बुझ्नुपर्ने हो।

सर्लाहीका उखु किसान नारायणराय यादवले उखुको मूल्य पाउन काठमाडौंमा मृत्युपर्यन्त आन्दोलन गर्नु हाम्रो देशको कृषि नीतिको असफलता, राजनीतिक दल र स्वतन्त्र बुद्धिजीवीसमेतको संवेदनहीनतामाथि गहिरो प्रहार हो। हाम्रो देशमा कृषिलाई कहिल्यै आर्थिक विकासको केन्द्रबिन्दु बनाउने काम भएन। जबकि देशको आर्थिक विकासको प्रमुख आधार यही साबित हुन सक्छ। केही दशक अघिसम्म कृषि उत्पादनको निर्यात गर्ने देश आज अधिकांश खाद्यान्न सामग्री र फलफूल विदेशबाट आयात गरिरहेको छ । कृषिभन्दा पनि किसानलाई प्राथमिकतामा राखेर नीति बनाइनु एवं कार्यक्रमहरू ल्याइनु आवश्यक छ। कृषि क्षेत्रको विकासको नाममा अहिलेसम्म लागू कार्यक्रमहरूबाट बिचौलिया तथा सीमित व्यक्ति मात्रै लाभान्वित भएका छन् । तसर्थ नयाँ तरीका र इमानदार सोचका साथ किसानको हितमा कार्यक्रम ल्याइनु आवश्यक छ । बाली बीमा, न्यूनतम समर्थन मूल्य र सरकारी सहुलियत राशिलगायत सुविधाले धेरै हदसम्म किसानको समस्या समाधान हुन सक्छ। अब कृषिलाई होइन, किसानलाई प्राथमिकतामा राख्नुपर्दछ ।

देशका किसान सामु थुप्रै समस्या छन्। सिंचाइको अभाव, समयमा बीउ, खाद एवं कीटनाशक औषधिको अभाव, कृषि उपकरणमाथि अत्यधिक भन्सार शुल्क आदिका कारण अधिकांश किसान कृषि पेशाबाट विमुख हुन थालेका छन् । उपरोक्त समस्याका बावजूद कृषि कार्यमा संलग्न किसानहरू कठिन परिश्रम गरेर आफ्नो उत्पादन बजारसम्म पुर्‍याउन सकिरहेका छैनन्। स्थानीयस्तरमा शीतगृह (कोल्ड स्टोर) एवं भण्डारण केन्द्र (स्टोर सेन्टर)को अभावले कम मूल्यमा स्थानीयस्तरमैं बिचौलिया अथवा दलालहरूसित बाली बेच्न बाध्य छन् । लागत अनुसार मूल्य प्राप्त नभएपछि आक्रोशमा आएर किसानहरूले कहिले सडकमैं दूध बगाइदिने त कहिले सुन्तला एवं गोलभेंडा सडकमा फालिदिने अवस्था उत्पन्न भइरहेको छ। उखु किसानहरूको समस्या झन् कहालीलाग्दो छ। उखुबाली लगाउन समस्या, नियमित हेरचाह गर्नुपर्ने, चिनी मिलको अनुमतिविना उखु बाहिर ल्याउन नसकिने र कसैगरी चिनी मिलसम्म पुर्‍याइए पनि भुक्तानी लिन भगिरथ प्रयत्न गर्नुपर्छ। उखु किसानहरू चिनी मिलबाट पैसा पाइएला र छोराछोरीको विवाह, पढाइ वा अन्य यज्ञयज्ञादि गर्न सक्लान् भन्ने छैन, न स्वास्थ्य उपचार नै गराउन सक्छन् । आफ्नो पैसा चिनी मिलमा बक्यौता भएर पनि चर्को ब्याजमा साहु–महाजनबाट ऋण काढ्नुको विकल्प हुँदैन । उखु किसानको हकहितको लागि खोलिएका सङ्गठनका अगुवाहरू आफ्नो निजी हितका कुरा गर्छन् र किसानको पक्षमा बोल्नुपर्नेमा उल्टै चिनी मिलकै सुरक्षा कवच बन्न पुग्छन् । कथित किसान आन्दोलनको वार्षिकोत्सव मनाएर प्रत्येक वर्ष एकपटक चिनी मिलको गेटसामु धर्ना दिने नाटक गरिन्छ र गोप्य सम्झौता गरेर आन्दोलन टुङ्ग्याइन्छ । चिनी मिलबाट नियमित चन्दा असुल्ने नेताहरू पनि यस्ता धर्नामा अतिथिको भूमिका निर्वाह गर्ने गर्छन्। सबैभन्दा बढी ठगीमा उखु किसान नै पर्ने गर्छन् । देशका राजनीतिक दलहरू तथा अधिकांश सरकार पनि किसानमैत्री नभएर उद्योगपतिकै संरक्षक र शुभचिन्तक साबित भइरहेका छन् । गत वर्ष सरकारको कठोर नीतिका कारण उखु किसानहरूले बकाया रकम प्राप्त गरेपनि यसको पूर्ण समाधान हुन सकेको छैन ।

नेपालको जिडिपीमा कृषि क्षेत्रको भूमिका अग्रणी नरहेसम्म देशको उद्योगधन्धा पनि फस्टाउन सक्दैन, न बेरोजगारी नै कम गर्न सकिन्छ। देशको उपयोगी एवं दक्ष जनशक्ति बर्सेनि विदेश गइरहेको छ। गरीब परिवारका युवाहरू भारतका विभिन्न शहरमा गएर जीविकोपार्जन गरिरहेका छन्। सरकारले लागू गरेका कतिपय योजनाबारे किसानहरूलाई जानकारी नै छैन। किसान तथा कृषि अधिकारीहरूबीच विगतको जस्तो सम्बन्ध, सहकार्य र समन्वयको अवस्था रहेन । कृषि कार्यसित वास्तै नभएका एनजिओकर्मीहरूले कृषि शीर्षक अन्तर्गतका करोडौं बजेट भागबन्डाको आधारमा कुम्ल्याउने गरेका छन्। कृषि क्षेत्रमा सरकारले गर्ने गरेको बजेट विनियोजन कम अवश्य छ, तर कृषिमा मात्र होइन किसानमा पनि यो बजेट खर्च हुनुपर्‍यो । कतिपय कर्मचारीको मिलेमतोमा कागजी काम मात्रै भएको पाइन्छ । किसान र खेतीपाती निम्ति विनियोजित अनुदान हुनेखाने र पहुँचवालाले मात्र पाउँछ । सरकारले अनुदान वितरण प्रणालीको विषयमा ठोस एवं वैज्ञानिक मापदण्ड तयार नगरी आफूखुशी वितरण गर्ने गरेको कारण पछिल्लो समय रकम दुरूपयोगको घटना बढेको हो । सरकारी संयन्त्र र दातृ निकायका कर्मचारीको मिलेमतोमा किसानका नाममा सीमित ठेकेदार, बिचौलिया र व्यापारीहरू यस अनुदानबाट लाभान्वित भइरहेका छन् । सरकारले सोझै किसानको खातामा पुग्नेगरी अनुदान रकम उपलब्ध गराउनुपर्दछ। यस्तो भए मात्रै वास्तविक किसानले लाभ पाउने छ।

व्यापारीले तोक्ने मूल्यका कारण किसानहरू मर्कामा नपरून् भनेर कृषि उपजमा न्यूनतम समर्थन मूल्य तोकिन्छ। एउटा किसान मात्रै त्यस्तो निरीह र दयनीय पात्र हो, जो आफ्नो उत्पादनको मूल्य आफैंले तोक्न सक्दैन । उद्योगधन्धाले आफ्नो उत्पादनमाथि फ्याक्ट्रीमैं त्यसको मूल्य तोकिदिने गर्दछ तर किसानको उत्पादनको मूल्य शुरूमा बिचौलिया अथवा दलालले तोक्ने गर्दछ र पछि गएर ठूला व्यापारीले तोक्छन्। सरकारले नै न्यूनतम समर्थन मूल्य तोकिदिएपछि बाध्य भएर व्यापारीहरू तिनको खेत, खलिहानसम्म पुग्ने अवस्था उत्पन्न हुनेछ जस्तो कि भारतलगायत देशमा धेरै हदसम्म भइरहेको छ । सरकारका कार्यक्रमहरूलाई प्रभावहीन बनाउन कर्मचारीहरूको पनि ठूलो भूमिका छ । किसानहरूसँग प्रमाणपत्र हुनु आवश्यक छ। बिचौलियाहरूबाट सावधान रहनु आवश्यक छ। सरकारले युवा कृषि उद्यमीलाई २० लाख रुपियाँसम्म अनुदान सहयोग उपलब्ध गराउने घोषणा गरेको छ तर वास्तविक किसानले सहजरूपमा यो लाभ उठाउन सके मात्र यसको सार्थकता सिद्ध हुनेछ। अन्यथा कर्मचारी, बिचौलिया र सत्ताधारी दलका कार्यकर्ताको भागबन्डामा परेर प्रभावहीन हुन बेर लाग्नेछैन ।

ऋण माफी समस्याको समाधान हुन सक्दैन, किनभने साहु–महाजनबाट चर्को ब्याजदरमा ऋण काढेका किसानहरू सरकारको ऋण माफी योजनाबाट लाभान्वित भइरहेका छैनन्। अधिकांश किसान बैंकबाट ऋण लिंदैनन् किनभने झन्झटिला कागजी प्रक्रिया तथा कम ऋण पाउने हुँदा उनीहरू साहु–महाजनसित ऋण लिन सजिलो ठान्छन्। समयमा सिंचाइको व्यवस्था, मलखाद, बीउ एवं कीटनाशक औषधिको सहज उपलब्धता, शीत भण्डारको अवस्था तथा किसानको उत्पादन सहज बजारसम्म पुर्‍याउने अवस्था भयो र समुचित मूल्य तोक्ने काम भए मात्र कृषि क्षेत्रको विकास सम्भव छ र देशको अर्थतन्त्रले पनि गति लिन सक्छ । अब किसानलाई प्राथमिकतामा राख्नुपर्दछ । नेपालजस्तो कृषिप्रधान देशमा किसानहरूले बर्सेनि सडक सङ्घर्ष गर्नु नेपालका राजनीतिक दलहरूको निम्ति लाजमर्दो विषय हो ।

# अमेरिका जाने लोभमा पर्दा...

काठमाडौं, २९ पुस/रासस

अमेरिका जाने लोभमा पर्दा दुईजना व्यक्तिको रु ३४ लाख रकम डुबेको छ भने आफैं मानव बेचबिखनको जालोमा फस्न पुगेका छन् । उनीहरू अहिले न्यायको खोजी गर्दै प्रहरीको शरणमा पुगेका छन्।

मानिस बेचबिखन गरेको आरोप लागेका दाङ घर भई हाल काठमाडौंको तारकेश्वर नगरपालिका बस्ने एक दम्पतीमध्ये सुधा देवकोटा पक्राउ परे पनि उनका पति मुक्तिनारायण केसी अझै फरार छन्। अदालतको आदेशले देवकोटा भने पुर्पक्षका लागि जेल चलान भएको प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ।

उनीहरूविरुद्ध विभिन्न मितिमा दुई पीडित व्यक्तिको जाहेरी परेको थियो। उनीहरूले अमेरिकामा मासिक तीन लाख तलब पाउने लोभ देखाएर रु २७ लाख मागेका थिए। एक पीडितबाट उनीहरूले पटकपटक गरी रु १९ लाख लिएकोसमेत खुल्न आएको छ। सन् २०१९ को जनवरी २५ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट इन्डोनेशियाको बाली तथा जाकार्ता पुर्‍याई बोलेभिया हुँदै अमेरिका जाने भनी लगेका थिए । तर विमानस्थलमा पुर्‍याउँदा सेटिङ नमिलेको भनी फर्काए। उनीहरूले पछि पीडितलाई मेक्सिको हुँदै अमेरिका जान भनी इथियोपिया पुर्‍याई कोठामा साढे तीन महीना बन्धक बनाएको खुल्न आएको छ।

आफू बेचिएको थाहा पाएपछि पीडितले घरबाट टिकट मगाइ फर्केर विसं २०७६ कात्तिक २१ गते ब्युरोमा जाहेरी दिएका थिए। यस्तै उनीहरूले अर्का एक व्यक्तिलाई पनि बेचबिखन गरेको भनी जाहेरी परेको प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए । उनीहरूले एक व्यक्तिलाई काठमाडौंको स्वयम्भूबाट बसमार्फत भारतको नयाँ दिल्लीमा दुई महीना राखी फेरि काम नभएको भनी नेपाल फर्काएर मलेशिया हुँदै इन्डोनेशिया पुर्‍याएको खुल्न आएको छ।

अमेरिका लैजाने बहानामा त्यहाँ सात महीना कोठामा बन्धक बनाइएको र पछि जाकार्ताको इमिग्रेसनबाट उनी पक्राउ परेका थिए। त्यसपछि उनलाई १४ दिन हिरासतमा राखेर नेपाल फर्काइएको थियो। विसं २०७६ मङ्सिर १३ गते आएका पीडित व्यक्तिले १९ गते जाहेरी दिएका थिए । उनीबाट ती दम्पतीले रु १५ लाख लिएको खुल्न आएको छ।

सोही आधारमा खोजतलाशका क्रममा काठमाडौंको तारकेश्वर नगरपालिका–२ काभ्रेस्थलीबाट अघिल्लो महीना पक्राउ परेकी देवकोटालाई जिल्ला अदालत काठमाडौंको आदेशले पुर्पक्षका लागि कारागार चलान गरेको प्रहरीले आज एक सूचना जारी गरी जनाएको छ। केसीको भने खोजी जारी रहेको बताइएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## कस्तो होला यस वर्ष विश्व अर्थ व्यवस्था ?

कोभिड–१९ को असरबाट विश्व अझै मुक्त हुन सकेको छैन। धनी देशहरूले सहजरूपमा कोभिडविरुद्ध खोप आफ्ना नागरिक समक्ष पुऱ्याए तापनि कोभिड नयाँनयाँ रूपमा देखिएकोले धनी राषट्रहरू कोभिडको असर नियन्त्रण गर्न पूर्ण सक्षम देखिएका छैनन् । गरीब राष्ट्रहरूमा कोभिडविरुद्ध खोप सजिलै उपलब्ध हुन नसकेको र त्यस्ता देशहरूमा कोभिडको असर हाल झनै विस्तारितरूपमा देखिन थालेकोले गरीब राष्ट्रहरूको स्थिति झनै अन्योलग्रस्त हुने देखिन्छ ।

उपरोक्त कारणहरूले गर्दा विश्वभरिका नागरिकको स्वास्थ्य वर्तमान स्थितिमा थप असुरक्षित हुन पुगेको छ। मौजुदा विश्व–परिस्थिति यस्तो रहेकोले विश्व अर्थ व्यवस्था थप सुस्त हुन पुगेको छ । अनिश्चित हुन पुगेको छ। रोजगारमा सङ्कुचन आएको छ।

कोभिडले गर्दा मुद्रास्फीति अहिले विश्वमा नै उच्च विन्दुमा (४ देखि ५ प्रतिशत) छ। सन् २००८ तिर विश्व अर्थ व्यवस्था अति कमजोर हुन पुगेको थियो। अहिले विश्व अर्थ व्यवस्था सन् २००८ भन्दा पनि खराब हुन पुगेको छ किनभने त्यो समय (सन् २००८ तर) भन्दा अहिले मुद्रास्फीति उच्च बिन्दुमा छ, आपूर्ति व्यवस्था नराम्ररी प्रभावित भएको छ। निरन्तर बन्द (सट डाउन) ले विश्वव्यापी रूपमा एकातिर उत्पादनमा कमी आएको छ भने अर्कोतिर उत्पादित वस्तु उपभोक्तासमक्ष पुऱ्याउने आपूर्ति मार्ग पनि पहिलेभन्दा ज्यादै सुस्त र अकुशल हुन पुगेको छ । आपूर्ति मार्ग सुस्त हुन पुगेकोले आपूर्ति व्यवस्था सुस्त हुन पुगेको छ । आपूर्ति व्यवस्था सुस्त हुन पुगेकोले वस्तुहरूको मूल्य निकै बढेर गएको छ। गरीब राष्ट्रहरूमा मूल्य वृद्धि गम्भीर समस्याको रूपमा देखिएको छ । गरीब राष्ट्रका मुख्यगरी, अति गरीब नागरिकको आर्थिक जीवन ज्यादै कष्टकर हुन पुगेको छ ।

कोभिडले उत्पन्न गरेको विभिन्न सामाजिक एवं आर्थिक समस्याहरूले गर्दा भोलिका दिनमा विश्व अर्थ व्यवस्था कस्तो हुने हो भन्ने चिन्ता सर्वत्र गर्न थालिएको छ । र यसरी चिन्ता गर्नु स्वाभाविक पनि हो ।

सन् २०२२ मा विश्व अर्थ व्यवस्था कस्तो होला त ? आउनुहोस् त्यसबारे छोटो चर्चा गरौं। सन् २०२२ मा विश्व अर्थ व्यवस्थामा केवल ४.१ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। जबकि

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**कोभिडको असर कम पारेर आर्थिक विकासको पथमा आफ्नो गति सुस्त हुन नदिन गरीब राष्ट्रहरूले गर्नुपर्ने पहिलो महत्त्वपूर्ण कार्य उत्पादनमा वृद्धि, त्यसपछि रोजगार वृद्धि गर्नु हो। तेस्रो, मुद्रस्फीति घटाएर नागरिकको आयमा क्रमिक वृद्धि गर्नु हो।**

यो वृद्धि सन् २०२१ मा ५.५ प्रतिशत थियो। सन् २०२२ मा कोभिडको असरले गरीब राष्ट्रहरूलाई बढी प्रभावित गर्ने देखिएको छ । निरन्तर युद्धले राष्ट्रिय अर्थ व्यवस्था थला परेका गरीब राषट्रहरू– यमन, अफगानिस्तान आदिको आर्थिक स्थिति झनै सङ्कटपूर्ण हुनेछ। रेमिट्यान्समा निर्भर रहने राष्ट्रहरूको स्थिति पनि कष्टपूर्ण हुनेछ । नेपालको अर्थ व्यवस्था रेमिट्यान्समा अति निर्भर रहेकोले सन् २०२२ मा नेपालको अर्थ व्यवस्थाले अनेक चुनौतीको सामना गर्नुपर्ने देखिन्छ। र ती चुनौतिहरूलाई नेपालको अनिश्चित राजनीतिले झनै जटिल तुल्याउने छ । नेपालका दुर्गम क्षेत्रका बासिन्दाको स्थिति दयनीय हुनेछ, खासगरी अति विपन्न परिवारलाई आर्थिक सहयोग आवश्यक पर्नेछ ।

आर्थिक विकासको पथमा हाल दौडिन खोजेको चीनको आर्थिक स्थिति पनि सन् २०२२ मा सुखद नरहने अनुमान गरिएको छ। जानकारहरू भन्छन्, सन् २०२२ मा चीनको आर्थिक विकासको गति केही सुस्त हुनेछ । सन् २०२१ मा चीनको आर्थिक वृद्धि दर ८ प्रतिशत थियो सन् २०२२ मा सुस्त भएर ५.१ प्रतिशत हुनेछ।

सन् २०२१ मा अमेरिकाको आर्थिक वृद्धि ५.६ प्रतिशत थियो। तर सन् २०२२ मा यो वृद्धि दर घटेर ३.७ प्रतिशत हुने अनुमान गरिएको छ । सन् २०२२ मा युरो जोनको आर्थिक वृद्धि दर पनि घट्ने अनुमान गरिएको छ । युरो जोनको आर्थिक वृद्धि सन् २०२१ मा ५.२ प्रतिशत रहेकोमा सन् २०२२ मा ४.२ प्रतिशत हुने अनुमान गरिएको छ ।

भारतको समग्र आर्थिक स्थिति भने पृथक एवं सुखद रहने अनुमान गरिएको छ । सन् २०२१ मा भारतको आर्थिक विकास दर ८.३ प्रतिशत रहेकोमा यो वृद्धि दर सन् २०२२ मा ८.७ प्रतिशत हुने अनुमान गरिएको छ । यसैगरी लैटिन अमेरिका र कैरेबियन राष्ट्रहरूको स्थिति पनि सुखद नरहने अनुमान गरिएको छ। यी क्षेत्रहरूको आर्थिक वृद्धि दर सन् २०२१ मा ६.७ प्रतिशत रहेकोमा ह्वात्तै घटेर २.६ प्रतिशत मात्र हुने अनुमान गरिएको छ । यसरी कोभिडले सन् २०२२ मा उत्पन्न गर्ने अनिश्चितताले मुख्यगरी लैटिन अमेरिकाका गरीब राष्ट्रहरूलाई बढी सताउने देखिन्छ ।

गत वर्षको तुलनामा भारतको आर्थिक वृद्धि दर किन कम भएन ? यस्तो हुनुको विभिन्न कारणहरू छन्। भारतको राष्ट्रिय व्यापारमा निर्यातको ठूलो योगदान छ। र पछिल्लो समयमा भारतको निर्यात वृद्धि हुने क्रममा छ। अहिलेको यो स्थितिमा, वा सन् २०१९ पछिको स्थितिमा पनि, भारतको निर्यात व्यापार फस्टाएको छ। भारतको आर्थिक स्थिति स्थिर हुनुमा त्यहाँको स्थिर सरकारलाई जस दिने गरिन्छ। भारतमा अहिले स्थिर सरकार छ। सत्तारूढ दल, भाजपा अहिले निकै बलियो छ। यसैगरी नेतृत्व तहमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीको आफ्नो दलभित्र एवं बाहिर स्थिति निकै बलियो छ । कोभिडले संसारभरि अनिश्चितता छरेको स्थितिमा कुनै पनि मुलुकले स्थिर सरकार पाउन आवश्यक हुन्छ किनकि कोभिडको अनिश्चिततालाई स्थिर सरकारले मात्र ढङ्गले व्यवस्थापन गर्न सक्छ । यस सन्दर्भमा भारतले स्थिर सरकार पाउनु भारतको आर्थिक विकासको लागि अनुकूल स्थिति बनेको छ। यमन, सुडान, इथियोपिया, सिरिया, युक्रेन, लेबेनान, इराक, नेपालजस्ता राष्ट्रहरूले स्थिर सरकार पाउन नसकेको र राष्ट्रिय राजनीति पनि स्थिर हुन नसकेकोले कोभिडको असरले यी राष्ट्रहरूलाई सन् २०२२ मा थप सताउने निश्चित छ।

कोभिडले गरीब राष्ट्रहरूमा बढी अनिश्चितता र कष्ट ल्याउने देखिएको छ । साधन र स्रोतको अभाव एवं राजनीतिक अस्थिरताले गर्दा गरीब राष्ट्रहरूले कोभिडको कुअसरबाट मुक्त हुन ठूलै सङ्घर्ष गर्नुपर्छ। रोजगार एवं उत्पादन बढाउन र यसैगरी आपूर्ति व्यवस्थालाई निष्क्रिय वा मन्द हुन नदिन गरीब राष्ट्रहरूले सन् २०२२ मा विशेष किसिमका आर्थिक नियम, नीति, योजना, रणनीतिहरू निर्माण गर्नुपर्ने देखिन्छ ।

सन् २०२२ वर्षको अन्त्यमा धनी राष्ट्रहरूको आर्थिक स्थिति भने पृथक किसिमको हुने अनुमान गरिएको छ । विगत (सन् २०१९–२०२१) का अनुभवबाट सिकेर धनी राष्ट्रहरूले उत्पादन, रोजगार र आपूर्ति व्यवस्थामा व्यापक सुधार ल्याउने सम्भावना छ। र ती सुधारहरूले गर्दा सन् २०२३ मा धनी राष्ट्रहरूले आफ्नो आर्थिक स्थितिमा सुधार ल्याउने देखिएको छ । सन् २०२३ धनी राष्ट्रहरूका लागि सुखद वा 'रिकभरी' वर्ष हुने सम्भावना छ । धनी राष्ट्रहरूले गर्ने पूर्व तयारीले पनि आर्थिक सुधारको स्थिति तर्फ अग्रसर हुन यी राष्ट्रहरूलाई सजिलो हुनेछ ।

कोभिडको असर कम पारेर आर्थिक विकासको पथमा आफ्नो गति सुस्त हुन नदिन गरीब राष्ट्रहरूले गर्नुपर्ने पहिलो महत्त्वपूर्ण कार्य उत्पादनमा वृद्धि, त्यसपछि रोजगार वृद्धि गर्नु हो। तेस्रो, मुद्रस्फीति घटाएर नागरिकको आयमा क्रमिक वृद्धि गर्नु हो ।

## क्रसर र बालुवा प्रशोधन उद्योग कारबाईमा

वीरगंज, २९ पुस/रासस

जिल्ला प्रशासन कार्यालय, बाराले नियमविपरीत सञ्चालनमा रहेका विभिन्न क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योगलाई कारबाई गर्न थालेको छ । ती उद्योगमा अनुगमन गरी नियम विपरीत सञ्चालनमा रहेका उद्योगविरुद्ध कारबाई प्रक्रिया अघि बढाइएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले जानकारी दिए ।

कार्यालयका अनुसार पहिलो चरणमा जिल्लाका विभिन्न स्थानमा रहेको क्रसर उद्योग तथा बालुवा प्रशासन उद्योगको अनुगमन थालिएको हो। अनुगमनपश्चात् कानूनविपरीत सञ्चालनमा रहेका उद्योगविरुद्ध कारबाई अघि बढाइने सहायक प्रजिअ शिवराज सेढाइँले जानकारी दिएका छन्। पहिलो चरणमा जिल्लास्थित चारवटा बालुवा प्रशोधन उद्योगको कागजपत्र नियन्त्रणमा लिएर थप अनुसन्धान थालिएको छ। कागजपत्र नियन्त्रणमा लिइएका उद्योगमध्ये बारास्थित समृद्धि बालुवा प्रशोधन उद्योग, बालगङ्गा बालुवा प्रशोधन उद्योग, जयलक्ष्मी बालुवा प्रशोधन उद्योग र बाराको कोल्हवीस्थित विनादर्ता सञ्चालनमा रहेको अर्को एउटा बालुवा प्रशोधन उद्योग रहेका छन् ।

नदी उत्खनन र दोहन भएको चौतर्फी गुनासो आएपछि अनुगमन भएको जनाइएको छ । अनुगमन टोलीले यस क्षेत्रमा सञ्चालनमा रहेका अन्य चार क्रसर उद्योग र बालुवा प्रशोधन केन्द्रबाट आवश्यक कागजपत्रसमेत नियन्त्रणमा लिएको थियो। बालगङ्गालगायत खोलामा सञ्चालित बालुवा प्रशोधन केन्द्रमा नदीजन्य पदार्थको उत्खननमा रोक लगाइएको बेलासमेत क्रसर र बालुवा प्रशोधन उद्योग सञ्चालनमा रहेका थिए। जिल्लाभित्र २४ वटा क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योग सञ्चालनमा रहेका छन् ।

## नेप्सेमा उच्च अङ्कको वृद्धि

काठमाडौं, २९ पुस/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज पनि उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार कारोबार मापक नेप्सेमा ५४.१२ अङ्कले उकालो लागेर दुई हजार ८५७.७५ मा पुगेको छ ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ८.९४ अङ्कले वृद्धि भई ५३०.८३ मा पुगेको छ। कुल २२४ कम्पनीको एक करोड १८ लाख ३४ हजार २१६ कित्ता शेयर रु ६ अर्ब ६६ करोड ९७ लाख ४८ हजार ५६८ मूल्यमा खरीद–बिक्री भएको जनाइएको छ । आजको कारोबारपछि बजार पूँजीकरण रु ४० खर्ब ३७ अर्ब १२ करोड ७२ लाख २० हजारको हाराहारीमा पुगेको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये आज अन्य उपसमूहको मात्रै शेयर मूल्यमा गिरावट देखिएको छ। सो उपसमूह ३.४१ अङ्कले ओरालो लाग्दा बैंकिङ ९.८७, व्यापार ८३.४५, होटल तथा पर्यटन ३५.६९, विकास बैंक १४७.६५, जलविद्युत् १५८.४७, वित्त ९२.५९, निर्जीवन बीमा २८८.५६, उत्पादन १२७.३३, लघुवित्त १७४.३४, जीवन बीमा ३४९.६१, सामूहिक लगानी कोष ०.१५ र लगानी ३.०५ अङ्कले उकालो लागेको छ ।

कारोबारका आधारमा माथिल्लो तामाकोशी शीर्ष स्थानमा छ । सो कम्पनीको रु ३४ करोड ३१ लाख ४३




हजार २४५ बराबरको कारोबार भयो। यस्तै अपिपावर कम्पनी रु २३ करोड २३ लाख ३० हजार ९७०, नेपाल पूर्वाधार बैंक रु २२ करोड २९ लाख ११ हजार ७१७, एचआइडिसिएल रु २१ करोड ९४ लाख ६४ हजार ६६८ र हिमालयन डिस्टिलरी रु १४ करोड ४९ लाख ९२ हजार ३३४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार मध्य भोटेकोशी जलविद्युत् कम्पनी ९.९८, माउन्टेन हाइड्रो ९.४४, कर्णाली डेभलपमेन्ट बैंक ९.३५, शिवश्री हाइड्रोपावर ९.०१ र आइसिएफसी फाइनान्सका लगानीकर्ताले ८.५४ प्रतिशतले कमाए। त्यस्तै नबिल डिवेन्चर २.०३, एनआइसी एशिया सेलेक्ट फन्ड १.४१, नारायणी डेभलपमेन्ट बैंक १.१९, राष्ट्रिय बीमा कम्पनी एक तथा स्ट्यान्डर्ड चार्टर्ड बैंकका लगानीकर्ताले ०.९९ प्रतिशतले गुमाए ।

## ठोरीमा तोरी उखेल्न भारतीय कामदार, कोरोनाको सन्त्रास

माधव तिमल्सिना, ठोरी, २९ पुस/

पुस मसान्त आउनै लाग्दा पर्साको ठोरी गाउँपालिकाका किसानहरूले तोरी उखेल्न शुरू गरेका छन्। नगदेबालीका रूपमा ठोरीका सबै पाँचवटै वडामा खेती हुने तोरी पाक्न शुरू भएपछि किसानहरू तोरी उखेल्न व्यस्त हुन थालेका छन् ।

ठोरीका अन्य वडाको तुलनामा वडा नं. ४ मा सबैभन्दा धेरै क्षेत्रफलमा तोरी खेती हुन्छ । तोरी पाकेपछी यतिबेला अधिकांश तोरी बाली लगाइएको खेतमा भारतीय कामदारहरू तोरी उखेल्न व्यस्त छन् । बर्सेनि सीमापारीका भारतीय गाउँबाट आउने भारतीय कामदारकै भरमा यहाँ तोरी खेती हुने गरेको छ । धान बालीमा जस्तो सोझै मेशीनले काट्न नमिल्ने भएकोले तोरी उखेल्न धेरै जनशक्तिको आवश्यकता पर्छ । नेपाली कामदारहरू लगाउँदा ज्याला महँगो पर्ने भएकोले भारतीय कामदारकै भरमा तोरी खेती गर्ने गरेको स्थानीयहरू बताउँछन् । नेपाली कामदार दैनिक ५ सयभन्दा घटीमा काम नगर्ने भएकाले भारतीय कामदार नै लगाउने गरेको ठोरी –४ का कृषक धनबहादुर पाख्रीनले बताए। उनले करीब १५ कठ्ठा जग्गाको तोरी भारतीय कामदार लगाएर नै उखेलेको बताए ।

अन्य बालीमा जस्तो गोडमेल गर्न



तोरी उखेल्न जाँदै भारतीय महिला कामदारहरू। तस्वीरः प्रतीक

नपर्ने र ट्याक्टरले जोतेर छरेपछि एकैपटक उखेल्न मात्र पर्ने भएकोले तोरीखेती सहज छ। तोरी उखेल्ने बेलामा समेत सीमावर्ती रामपुर, भङ्गाहा, जसौली, मानपुर, थुकाहालगायत गाउँबाट दैनिक सयौं भारतीय कामदार ठोरी भित्रिने गर्छन् । बिहानदेखि बेलुका ५ बजेसम्म दैनिक ज्यालादारीमा तोरी उखेल्न लगाउँदा एकजना कामदारलाई नेपाली २ सय तिर्नुपर्छ। अघिल्लो वर्षसम्म भारतीय रुपियाँ एक सयमा पाइने कामदारको ज्याला यो वर्ष अलि बढेको ठोरी –४ कै अर्का किसान ठूले तामाङले बताए। अझ कतिपय भारतीय कामदारले एकमुस्ट ठेक्का लिएर पनि तोरी उखेल्ने गरेका छन्। यसो गर्दा मोलमोलाइ गर्न सकिए अझै सस्तो पर्ने किसानहरूको भनाइ छ। तोरी उखेल्नकै लागि सीमापारीबाट स्कूले बालबालिका तथा महिलाहरूसमेत दिनहुँ ठोरीको विजयबस्ती, गोपीबस्ती, आठघरे, निर्मलबस्ती, स्याउलीबस्ती, सुन्दरटोललगायत विभिन्न ठाउँमा आउने गर्छन् । अन्य बालीमा जस्तो परिश्रम नपर्ने भएकोले भारतका स्कूले बालबालिकासमेत स्कूल छोडेर नेपालमा पैसा कमाउन आउने गरेका हुन् ।

**कोभिडको डर**

नेपालमा कोभिड सङ्क्रमण फैलन नदिन सरकारले आगामी माघ १५ सम्म विद्यालय बन्द गरेको छ। तर सीमावर्ती भारतीय क्षेत्रबाट निर्बाध नेपाल प्रवेश गर्ने कामदारको कारण सङ्क्रमण फैलने जोखिम बढेको छ। भारतमा बढ्दै गएको ओमिक्रोनको सङ्क्रमणको प्रभाव भारतीयमा पर्नु स्वाभाविक भएको जानकारहरूको भनाइ छ। सिमाना कुनै स्वास्थ्य चेकजाँच नगरी प्रवेश गरेका भारतीय कामदारको सीधा सम्पर्क प्रत्येक ठोरीवासी किसानसँग हुँदा यसले सङ्क्रमणको खतरा बढेको स्थानीयको चिन्ता छ। अझ नेपाल आएका भारतीय कामदार होउन् वा नेपाली नै कसैले पनि मास्क लगाउने गरेका छैनन् ।

## व्यावसायिक तरकारी खेतीबारे तालीम

प्रस, पचगावाँ, २९ पुस/

जीराभवानी गाउँपालिका–५ शिक्षक खेमराज राउत, सुभाष दासलगायतले मन्तव्य व्यक्त गरेका थिए।




सखुवानीस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा किसानहरूको लागि तीन दिने बेमौसमी तरकारी खेतीसम्बन्धी तालीम बिहीवारदेखि शुरू भएको छ ।

गापाको आर्थिक सहयोग र शुभम् साक्षी सीप विकास केन्द्र प्रालि पर्साको आयोजनामा आजदेखि शुरू भएको तालीममा ३५ जना किसान सहभागी छन्। उनीहरूलाई मोहन दास र बलिराम शुक्लाले प्रशिक्षण दिने आयोजक संस्थाका अध्यक्ष मुन्ना तिवारीले बताए । उनकै अध्यक्षतामा भएको उद्घाटन सत्रमा तालीममा सहभागीहरूले अहिले पनि किसानहरू परम्परागत तरीकाबाट तरकारी खेती गर्दै आएकोमा व्यावसायिक तरकारी खेतीतर्फ लाग्न किसानहरूलाई जोड दिएका थिए। उनले ग्रामीण क्षेत्रका किसानहरूलाई व्यावसायिक तरकारी खेतीतर्फ अग्रसर हुन अनुरोध गरेका थिए ।

गापा अध्यक्ष रामप्रीतमहतो थारूको अध्यक्षतामा भएको कार्यक्रममा उद्घोषण सुस्मिताकुमारी चौधरीले गरेकी थिइन् ।

# तरलता अभावले अर्थतन्त्रमा पर्ने असर

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**लगानी उत्पादनको आधार पनि हो। लगानीले उत्पादनसँगै रोजगार सिर्जना गर्छ। रोजगार आयको बलियो र सशक्त आधार हो। यसरी लगानीले आय, उत्पादन र रोजगार सिर्जना गरी मुलुकको अर्थतन्त्रलाई गति दिन्छ।**

नेपालको बैंकिङ क्षेत्रले आठ दशक लामो यात्रा तय गरिसकेको छ। विसं १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापनासँगै नेपालमा बैंकिङ सेवा शुरू भएको देखिन्छ। २००७ सालको राजनीतिक परिवर्तनसँगै बदलिएको अवस्थामा बढ्दै गएका आर्थिक गतिविधिलाई नियमन, निरीक्षण गर्ने उद्देश्यका साथ केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंक र त्यसपछि राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकको स्थापना भएको देखिन्छ। विसं. २०४० को दशकको शुरूआतसँगै मुलुकले उदार अर्थ व्यवस्थालाई आत्मसात् गरेको पाइन्छ। त्यसपछि २०४६ सालको राजनीतिक परिवर्तनले पनि त्यही अर्थ व्यवस्थालाई प्रोत्साहित गऱ्यो र मुलुकमा उदारीकरणसँगै निजी क्षेत्रबाट बैंक तथा वित्तीय संस्थाहरू खुल्ने क्रम बढ्दै गएको देखिन्छ। ६० को दशकको शुरूआतसँगै बैंक तथा वित्तीय संस्थाको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ। २०६२–६३ को राजनीतिक परिवर्तनपछि यो सङ्ख्या वृद्धि हुँदै २०६७–६८ सम्म २०० भन्दा बढी पुगिसकेको थियो।

पछिल्लो समय सङ्ख्यात्मक उपस्थिति घटाउँदै वित्तीय सेवाको गुणस्तरीयता र विश्वसनीयता बढाउने उद्देश्य लिएर बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घटाउन केन्द्रीय बैंकले मर्जर र एक्विजिशनको नीति लिएको छ। तर पनि यतिखेर वाणिज्य बैंकहरूमा तरलता (लगानीयोग्य पूँजी) को अभाव देखिन थालेको छ। तरलता अभावसँगै देशको अर्थतन्त्र सङ्कटग्रस्त बन्ने चुनौतीसमेत अगाडि आएको छ। प्रत्येक आर्थिक वर्षको कुनै न कुनै समय बैंकहरूले तरलता समस्या भोगिरहेका हुन्छन्, फलस्वरूप बैंक ब्याज दरमा उतारचढाव आउने गरेको पाइन्छ। यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने गर्छ। वास्तवमा कुनै पनि देशको केन्द्रीय बैंकले बैंकहरूलाई न्यूनतम रकम आफ्नो खातामा राखेर बाँकी रकम लगानी गर्न निर्देश गरेको हुन्छ। कुनै देशमा त्यसलाई लगानी पूँजी तथा निक्षेप अनुपातले मापन गरिन्छ भने कुनै देशमा त्यसलाई कर्जा निक्षेप अनुपातरूले मापन गरिन्छ। यदि राष्ट्र बैंकले तोकेको सीमासम्म लगानी भइसकेको छ र थप लगानी गर्न सक्ने क्षमता बैंकसँग छैन भने त्यो लगानीयोग्य कोषको अभाव हो। नगद अभावको अवस्था र तरलता समस्या फरक–फरक हुन्। नेपाली अर्थतन्त्रको हालको समस्या यही नै हो।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई लगानी निक्षेप अनुपात ९० प्रतिशतको सीमा तोकेको छ। तर हाल यो अनुपात ९१ प्रतिशत छ। तसर्थ, थप निक्षेप सङ्कलन नगरी बैंकहरूले कर्जा प्रवाह गर्ने अवस्था छैन। तरलताको अर्को समस्या भनेको लगानीयोग्य कोष बढी हुनु हो। जुन कोरोना भाइरस सङ्क्रमणको समयमा बैंक तथा वित्तीय संस्थाहरूले भोगेका थिए। त्यो भनेको नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई लगानी निक्षेप अनुपात ९० प्रतिशतको सीमा दिएको छ। तर यदि यो अनुपात ८० प्रतिशत कायम रहेको छ भने बैंक तथा वित्तीय संस्थाहरूले थप १० प्रतिशत निक्षेपमा भएको कोष कर्जा दिने क्षमता राख्छन्। तर अर्थतन्त्रमा कर्जा माग नहुँदा बैंकहरूले ब्याज तिरेको निक्षेप थन्क्याएर राख्दा कोष लागत बढेर बैंक तथा वित्तीय संस्थाहरू घाटामा जाने अथवा नाफा घट्ने हुन्छ। त्यसैले यी दुवै समस्या सबल र स्वस्थ अर्थतन्त्रका लागि घातक हो। अधिक तरलताले बैंकहरूलाई छिटो प्रभावित पार्दछ भने तरलता अभावले समग्र अर्थतन्त्रमा नै नकारात्मक प्रभाव पर्दछ। तरलता अभाव बढ्दै जाँदा बजारमा ब्याजदर पनि गुणात्मक बढ्दै जान्छ। बैंक तथा वित्तीय संस्थाहरूले ब्याज दर बढाउँदै गर्दा त्यसले मूल्यवृद्धिलाई प्रश्रय दिन्छ। साथै निजी क्षेत्रको लगानी नबढ्दा त्यसले अर्थतन्त्रको वृद्धिदरलाई अवरोध गर्दछ। कुनै पनि अर्थतन्त्रमा नगद प्रवाह बढाउन बैंक तथा वित्तीय संस्थाहरूको लगानीले उत्प्रेरकको भूमिका खेलिरहेको हुन्छ। तरलता अभाव रहँदा अर्थतन्त्रमा नगद प्रवाह कम हुँदा यसले समग्र अर्थतन्त्रलाई मन्दीतर्फ धकेल्ने सम्भावना बढी हुन्छ।

बैंकिङ क्षेत्रको तरलतामा विशेषगरी दुई किसिमको कारक तत्त्वले बढी प्रभाव पार्ने गरेको देखिन्छ। त्यो हो– नीतिगत र स्वचालित। नीतिगत कारक तत्त्वमा मौद्रिक नीतिले निर्धारण गर्ने विभिन्न नीतिगत दरहरू तथा स्वचालित कारक तत्त्वमा चलनचल्तीमा रहेका मुद्राको मात्रा, सरकारी आय–व्ययको स्थिति र विदेशी मुद्रा प्रवाह प्रमुख हो। अहिलेको अवस्थामा देखापरेको तरलता न्यूनीकरण गर्न यी दुवै कारकहरूको विश्लेषण गर्नुपर्दछ। वास्तवमा अहिलेको तरलता अभाव बजारले सिर्जना गरेको हुँदै होइन, यो नेपाल राष्ट्र बैंकको नीतिगत कारणले सिर्जना भएको हो। विगतमा नेपाल राष्ट्र बैंकले बैंकहरूको तरलता व्यवस्थित गर्न कर्जा, पूँजी तथा निक्षेप अनुपातले मापन गर्दथ्यो। अघिल्लो आर्थिक वर्षमा यो अनुपात ८५ प्रतिशत तोकिएको थियो। यसको अर्थ बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो पूँजीको ८५ प्रतिशत लगानी गर्न सक्ने अवस्था थियो। तर चालू आर्थिक वर्षको मौद्रिक नीति तथा त्यसपछिको राष्ट्र बैंकको निर्देशनले कर्जा निक्षेप अनुपात गणना गर्न निर्देशन दिएको छ र त्यो अनुपात २०७९ असारसम्म ९० प्रतिशतको सीमामा ल्याइसक्नुपर्ने भनिएको छ। यो नीति परिवर्तनपछि बैंकहरूले लगानी गरिरहेको पूँजीको ८५ प्रतिशत रकम विद्यमान निक्षेपबाट क्षतिपूर्ति गर्नुपर्ने भएकाले उनीहरूको लगानी क्षमतामा ह्रास आएको हो। यस नीतिको कारण नै हाल बजारमा तरलता अभाव देखिएको छ।

कतिपय बैंकहरू कर्जा, पूँजी तथा निक्षेप अनुपातबाट कर्जा निक्षेप अनुपातमा जाँदा यो अनुपात ९७ प्रतिशतसम्म रहेको थियो भने अघिल्लो हप्ताको तथ्याङ्क अनुसार यो अनुपात हाल औसत ९१ प्रतिशत रहेको छ। कोरोना महामारीका कारण यसै पनि अर्थतन्त्र धराशायी रहेको थियो। यो समयमा आएर नेपाल राष्ट्र बैंकले लगानी क्षमता खुम्च्याउनका लागि नीति परिवर्तन गर्नु नपर्ने थियो तर के कारणले यसो गरियो त्यो खोजीको विषय हुनुपर्दछ। अर्को महत्त्वपूर्ण कारक सरकारको बजेट कार्य प्रणाली हो। सरकारी खातामा उल्लेखनीय रकम जम्मा भई खर्च हुन सकेन भने त्यसले पनि अर्थतन्त्रमा तरलताको समस्या ल्याउँछ। विगत केही वर्षदेखि नेपालमा पूँजीगत खर्च वृद्धि हुन सकिरहेको छैन। पूँजीगत खर्च वृद्धि हुन नसक्दा आर्थिक गतिविधिहरू सीमित हुन पुगेका छन्। यसले विकास–निर्माणका नयाँनयाँ परियोजनाहरू कार्यान्वयन हुन नसक्दा रोजगार सृजनामा समेत अवरोध सृजना भएको छ। एकातिर पूँजीगत खर्च गर्न नसक्दा मुलुकको आर्थिक वृद्धि दरको सरकारी प्रक्षेपण अनुसार लक्ष्यसमेत पूरा हुन नसक्ने अवस्था सिर्जना भएको छ भने अर्कोतिर यसले सन् २०२२ सम्म नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा रूपान्तरण गर्ने लक्ष्यमा समेत प्रतिकूल प्रभाव पार्न सक्ने अवस्था देखिएको छ।

चालू आर्थिक वर्षको पहिलो ६ महीना सकिन लाग्दा सरकारले पूँजीगत खर्च १० प्रतिशतभन्दा पनि कम गरेको तथ्याङ्क छ। सरकारले विभिन्न शीर्षकको राजस्व रकम आफ्नो खातामा तान्ने तर पूँजीगत खर्च बजारमा नपठाउँदा यो वर्ष पनि तरलताको समस्या आएको हो। यसरी सरकारी खर्चमा आएको कमीका कारण त्यसको प्रत्यक्ष असर बैंक तथा वित्तीय संस्थामाथि परेको हो। फलस्वरूप मुलुकका वाणिज्य बैंकहरू कर्जा दिन सक्ने हैसियतामा छैनन्। तर कर्जाको माग गर्नेहरूको सङ्ख्या बैंकहरूमा दिनहुँ बढ्दो छ। रकम अभावका कारण अधिंकाश वाणिज्य बैंकहरूले ठूलो रकमको कर्जा माग्न आउनेहरूलाई विभिन्न बहाना बनाएर पन्छ्याउने गरेका छन्। यसैगरी उच्च आयात र शिक्षा तथा स्वास्थ्यका लागि रकम विदेशिनु पनि तरलता अभावको एउटा महत्त्वपूर्ण कारक हो। अघिल्लो दुई वर्षभर रोकिएको विदेश जाने विद्यार्थीको रकम र अनियन्त्रित आयातले बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप निरन्तर ओरालो लागेको छ। त्यसपछि बैंक तथा वित्तीय संस्थाहरूको योजनाविहीन लगानी नीतिका कारण पनि तरलता अभाव हुने गर्छ। तरलता अभाव भएपछि यसले समग्र अर्थतन्त्रमा ठूलो प्रभाव पार्छ। यसको सबैभन्दा ठूलो प्रभाव उद्योग व्यवसायमा पर्छ। उद्योगी–व्यवसायीले कर्जा नपाए मुलुकमा उद्योग, व्यापार–व्यवसाय बढ्ने छैन। बैंकबाट कर्जा नपाएपछि उद्योगी व्यवसायी मुलुकमा लगानी नगरी 'पर्ख र हेर' को अवस्थामा पुग्छन्। यसले गर्दा मुलुकमा लगानी वृद्धि हुँदैन।

भनिन्छ, आजको लगानी भोलिको समृद्धि। समृद्धिसम्म पुग्न लगानी पहिलो र अनिवार्य शर्त हो। लगानी उत्पादनको आधार पनि हो। लगानीले उत्पादनसँगै रोजगार सिर्जना गर्छ। रोजगार आयको एउटा बलियो र सशक्त आधार हो। यसरी लगानीले आय, उत्पादन र रोजगार सिर्जना गरी मुलुकको अर्थतन्त्रलाई गति दिन्छ। तर पछिल्ला वर्षहरूमा औद्योगिक–मैत्री लगानी वातावरणको अभावमा मुलुकको औद्योगिक क्षेत्र धराशायी बन्दै गएको छ। केही वर्षदेखि शिथिल रहँदै आएको उत्पादनमूलक उद्योगको प्रगति पनि न्यून देखिन्छ। यसका लागि नेपाल राष्ट्र बैंकको नीति स्थिर हुनुपर्छ। व्यक्तिगत लहडभन्दा समय सापेक्ष दीर्घकालीन सोचको आधारमा नीति तय गर्नुपर्छ। यस्तो परिपाटी बस्यो भने मात्र तरलता अभावको समस्या न्यूनीकरण हुन सक्छ। यसका साथै सरकारले धेरै बजेट विनियोजन गरेका ठूल्ठूला परियोजनामा खर्च बढाउने नीति लिनुपर्छ। सधैं असारे विकासबाटै खर्च लक्ष्य भेट्ने परिपाटी अन्त्य गर्न अवश्यक छ।

# मनकारी खोलाको पुल सञ्चालन भएन

प्रस, सेढवा २९ पुस/

ठोरी गाउँपालिकाको सुवर्णपुरदेखि हालसम्म सञ्चालन हुन नसक्दा यात्रीले कठिनाइ भोग्नुपरेको छ। पुल



तस्वीरः प्रतीक

जीतपुरसिमरा उपमहानगरपालिका जाने सडक अन्तर्गत हरैया मनकारी खोलाको पुल निर्माण भएको दुई वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन।

जीराभवानी गापा–५ स्थित सो पुल आव २०७६–७७ मा गापाको रु दश लाख लागतमा निर्माण भएको थियो। तर सञ्चालनमा नआउँदा सो बाटो भएर आवागमन हुने टेम्पु, म्याजिक भ्यानलगायत सवारी साधन अन्य बाटो भएर जाने गरेका छन्। पुल सञ्चालन गर्न चालू आवमा माटो भर्ने, ग्रेभल गर्ने तथा तटबन्ध गर्न पाँच लाख विनियोजन गरिएको गापाले जनाएको छ।

# हिउँदे वर्षाले किसान हर्षित

महोत्तरी, २९ पुस/रासस

यसपालि हिउँदमा पानी परिरहेपछि किसानले राहत महसूस गरेका छन्। पुस सकिनै लाग्दा बुधवार महोत्तरीका अधिकांश ठाउँमा भएको वर्षाले किसानलाई खुशी दिएको हो। यस अघि दुई साता पहिले पनि पानी परेको थियो।

पुस सकिनैलाग्दा परेको पानीले जाडो निकै बढाए पनि बालीनाली हुर्कन राहत पुग्ने किसानको विश्वास छ। "पुस सकिनैलाग्दा परेको पानीले जाडो त निकै बढायो"–भङ्गाहा–४ रामनगरका किसान कुशेश्वर यादव भन्छन्–"तर हिउँदे बालीलाई भने अहिले परेको पानीले निकै राहत दिन्छ।" मङ्सिर र त्यस अघि रोपिएको उखु, दलहन र फलफूलका बोटलाई हिउँदे वर्षा अमृतजस्तै हुने यादवको भनाइ छ।

पछिल्लो वर्षाले क्रमशः हुस्सु बढ्ने र मौसम सफा हुँदै जाने किसान बताउँछन्। "अब माघ शुरू हुने हो, माघ लागेपछि घाम तात्दै जाने गर्छ"–बर्दिवास–९ पशुपतिनगरका ८० वर्षीय वयोवृद्ध किसान युगेश्वर ठाकुर भन्छन्– "पछिल्लो वर्षाले क्षणिक जाडो बढाए पनि केही दिनभित्रै मौसममा सुधार ल्याउला।"

यसपालि हिउँदमा पुसभित्रै दुई साताको फरकमा पानी परेको छ। हल्का हिउँदे वर्षाले जग्गाको चिस्यान लामो समयसम्म रहने किसान बताउँछन्। हिउँदे वर्षाले उखु, फलफूल र तरकारी बाली र गहुँ हुर्काउन, बढ्न र गाँजिन मदत गर्ने किसानको विगत अनुभव छ। सामान्य छिटफुटे हिउँदे वर्षा माघ, फागुन र चैतमैं पनि एक/एकपटक हुनु उखु, वैशाखी तरकारी बाली र फलफूलका लागि राम्रो हुने किसानहरू बताउँछन्।

हिउँदे वर्षाले आँप, लिचीसहित फलमा मज्जर (मञ्जरी) राम्रो लाग्ने किसानहरूले बताएका छन्। पछिल्लो वर्षाले फलफूलका रूखका पात, नयाँ मुना पखालिएका छन्। कीरा, फटयाङ्ग्राको प्रकोप पनि घटाउने किसानको विश्वास छ। अब आँप, लिची र ग्रीष्मकालीन फलमा राम्रो मज्जर लाग्ने, मधुवासहित रोगको प्रकोप कम हुने आस पलाएको गौशाला–११ का किसान अरुण कुशवाहा बताउँछन्।



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


# मूल्य निर्धारण भएपछि धान बिक्री गर्न भीड

धनुषा, २९ पुस/रासस

सरकारले धानको खरीद मूल्य निर्धारण गरेपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड जनकपुरधाम कार्यालयमा किसानको ठूलो भीड लागेको छ।

मूल्य निर्धारण गरी मङ्गलवारदेखि धान खरीद गर्न टोकन वितरण गर्ने भएपछि धान बिक्री गर्न किसानको भीड बढेर गएको हो। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड कार्यालय जनकपुरधामका प्रमुख उपेन्द्र लिम्बूले चालू आर्थिक वर्ष २०७८–७९ मा कम्पनीले १५ हजार क्विन्टलमात्रै धान खरीद गर्ने जानकारी दिए। तर गत आव २०७७–७८ मा यस कम्पनीले १६ हजार क्विन्टल धान खरीद गरेको थियो।

कम्पनीले अहिले रु दुई हजार ९०० का दरले एक क्विन्टल धान खरीद गर्दैछ भने निजीस्तरको उद्योगमा प्रतिक्विन्टल रु दुई हजार २०० देखि रु दुई हजार ४०० सम्मको दर दिने भएपछि किसान आफ्नो धान कम्पनीमा बेच्न तँछाडमछाड गरेका छन्।

यता कम्पनीले सीमित परिमाणमा धान खरीद गर्ने भएपछि किसानबीच आफ्नो धान बेच्ने प्रतिस्पर्धा नै चलेको छ। कम्पनीका प्रमुख लिम्बूले भने– "निजीस्तरभन्दा कम्पनीको धानको मूल्य बढी भएको र कम्पनीले सीमित धान मात्रै खरीद गर्ने जानकारी दिएपछि टोकन लिन किसानबीच तँछाडमछाड भएको हो।" उनले सबै किसानलाई धान बिक्री हुने मौका उपलब्ध होस् भनेर कम्पनीले यस वर्ष प्रतिकिसान बढीमा ४० क्विन्टलका दरले खरीद गर्ने नीति लिएको जानकारी दिए। तर यसरी अनुपातमा कम्पनीले धान खरीद गर्ने भएपछि धनुषाका ३५० किसानले मात्रै कम्पनीलाई धान बेच्न सक्ने भएकाले टोकन लिनका लागि अहिले किसानबीच व्यापक भीड बढेको हो।

प्रमुख लिम्बूले भीड नियन्त्रण गर्न कार्यालय व्यवस्थापनलाई हम्मेहम्मे परेको बताए। उनले बुधवार भीड नियन्त्रण गर्न नसकेर प्रहरी बोलाउनुपरेको बताए। उनले प्रहरी आउन ढिलो भएपछि करीब एक घण्टासम्म कार्यालय परिसर अस्तव्यस्त बनेको बताए।

अहिले कोरोना सङ्क्रमण फैलिरहेको अवस्थामा स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने अवस्था रहेको तर किसानहरू आफ्नो धान छिटो बेच्ने उद्देश्यले छिटोभन्दा छिटो टोकन लिने प्रयास गर्दा भीड अनियन्त्रित भई होहल्ला हुने गरेको छ। बुधवारसम्म जिल्लाका २०० किसानले टोकन लिइसकेको कार्यालय प्रमुख लिम्बूले बताए।



लक्ष्मीनियाँ गाउँपालिकाका किसान लक्ष्मेश्वर यादवले निजीस्तरका उद्योगी व्यापारीभन्दा यसपटक सरकारले धानको मूल्य केही बढाइदिएकोले किसानलाई ठूलो राहत भएको बताए। यता खाद्य व्यवस्था तथा व्यापार कम्पनीले व्यापारीको धानमा मिसावट हुने भएको हुँदा प्रत्यक्षरूपमा किसानसँग धान खरीद गर्दा मिसावट नहुने भएकोले बजारभन्दा बढी मूल्य निर्धारण गरेर किसानलाई हौसला प्रदान गरेको जनाएको छ।

यद्यपि सीमित स्रोतका आधारमा ३५० बाहेक किसानका लागि यस वर्ष पनि कुनै व्यवस्था गर्न नसकिने कार्यालयले जनाएको छ। गोदामको अभावले खरीद गरेको धान व्यवस्थापन गर्न नसकिने भएकाले कार्यालयले लक्ष्य अनुसार मात्र धान खरीद गर्ने गरेको प्रमुख लिम्बूले बताए।

# अन्तर्राष्ट्रिय समाचार

## खोप नलगाएकाहरूका लागि ओमिक्रोन खतरनाक -डब्ल्युएचओ

जेनेभा, २९ पुस/एएनआई):

कोभिड-१९ को ओमिक्रोन भेरिएन्ट



कोरोनाको सङ्क्रमण एक दिनमा ८० हजार नाघेपछि परीक्षण गराउन बर्लिनमा लामबद्ध जर्मन नागरिक । फोटो : सिन्हवा

विशेषगरी खोप नलगाएका व्यक्तिहरूका लागि खतरनाक भाइरस भएको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का महानिर्देशक टेड्रोस अधानोम गेब्रेयसले बुधवार उल्लेख गरेका छन् ।

यद्यपि ओमिक्रोन डेल्टाभन्दा कम गम्भीर भाइरस हो तर खोप नलगाएकालाई भने यो खतरनाक नै हुन्छ, टेड्रोसले कोभिड-१९ बारे पत्रकार सम्मेलनमा उक्त कुरा बताएका छन् । उनले यसको सङ्क्रमण दर तीव्र रहेको र सबैतिर फैलिएकोले सतर्क रहन आग्रह गरेका छन् ।

डब्ल्युएचओ प्रमुखले अफ्रिकाको कोभिड खोपको दर उल्लेख गर्दै भने-अफ्रिकामा ८५ प्रतिशतभन्दा बढी मानिसले खोपको एक खुराक प्राप्त गर्न बाँकी छ । हामीले यो अन्तर नघटाएसम्म महामारीको तीव्र चरण समाप्त गर्न सक्दैनौं ।

हामी प्रगति गर्दैछौं, डिसेम्बरमा कोभ्याक्स अन्तर्गत नोभेम्बरमा पठाइएको डोजको सङ्ख्या दोब्बरभन्दा बढी पठाउँछौं र आगामी दिनमा एक अर्ब खोप डोज पठाउने प्रयास गर्छौं-उनले भने ।

उनले गत वर्ष हामीले भोगेका केही आपूर्ति अवरोधहरू अहिले सहज हुन थालेको तर यस वर्षको मध्यसम्म प्रत्येक देशको ७० प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने लक्ष्यमा पुग्न अझै लामो यात्रा गर्न बाँकी रहेको उल्लेख गरेका छन् । ९० देश अझै ४० प्रतिशत लक्ष्यसम्म पुग्न सकेका छैनन् र तीमध्ये ३६ देशले आफ्नो जनसङ्ख्याको १० प्रतिशतभन्दा कम खोप लगाएका छन्-उनले बताए ।

"डब्लुएचओ र हाम्रा साझेदारहरूले यी देशहरूलाई नेतृत्व र समन्वयमा, आपूर्ति दृश्यताको कमी, प्रदान गरिएका खोपहरूको छोटो शेल्फ-लाइफ, सीमित कोल्ड चेन क्षमता, खोप आत्मविश्वास, स्वास्थ्यकर्मीको अभाव र प्रतिस्पर्धी प्राथमिकताहरूमा सामना गर्ने अवरोधहरू हटाउन सक्रियरूपमा समर्थन गरिरहेका छन्"-विश्व स्वास्थ्य सङ्गठनका प्रमुखले बताएका छन् ।

**भारतमा थप दुई लाख ४७ हजार सङ्क्रमित**

नयाँ दिल्ली/एएनआई

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप दुई लाख ४७ हजार ४१७ मानिस सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बिहीवार जानकारी दिएको छ । हाल यहाँ पाँच हजार ४८८ जना ओमिक्रोनका सङ्क्रमित रहेका छन् भनी सो मन्त्रालयले बिहीवार जानकारी दिएको छ ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेका मानिसको सङ्ख्या एघार लाख १७ हजार ५३१ छ । गएको २४ घण्टामा भारतमा ८४ हजार ८२५ मानिस कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् । योसँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४७ लाख १५ हजार ३६१ जना व्यक्ति कोरोना सङ्क्रमणमुक्त भएका छन् । यहाँ कोरोना भाइरस निको हुने दर ९५.५९ प्रतिशत रहेको जनाइएको छ ।

सोही अवधिमा थप ३८० को कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ । यससँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८५ हजार ३५ जना पुगेको मन्त्रालयले थप जानकारी दिएको छ ।

कोरोना शुरू भएदेखि हालसम्म ६९ करोड ७३ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ सन् २०२१ जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब ५४ करोड ६१ लाखभन्दा बढी डोज खोप लगाइएको छ ।

**जर्मनीमा एक दिनमा अहिलेसम्मकै धेरै कोरोना सङ्क्रमित**

बर्लिन/सिन्हवा

जर्मनीमा अहिले दिन-प्रतिदिन कोभिड-१९ का सङ्क्रमित बढ्दै गएको पाइएको छ । यहाँका स्वास्थ्य अधिकारीहरूले सो कुराको जानकारी दिएका छन् । ती अधिकारीहरूका अनुसार बुधवार मात्र यहाँ त्यस अघिको २४ घण्टामा ८० हजार ४३० जना सङ्क्रमित भेटिएका छन् ।

यो सङ्ख्या यहाँ कोरोना भाइरसको सङ्क्रमण शुरू भएदेखिकै एकै दिनमा देखिएको सबैभन्दा धेरै हो । यहाँका अधिकारीहरूले जर्मनीमा ठूलो सङ्ख्याका नागरिकले खोप लगाइसकेको बताएका छन् । उनीहरूका अनुसार यहाँ ७२ प्रतिशतभन्दा बढी नागरिकले दुवै मात्रा खोप लगाएका छन् ।

त्यस्तै यहाँका करीब तीन करोड ७० लाख नागरिकले खोपको बुस्टर डोज पनि लगाएका छन् । तर पनि पछिल्लो समय यहाँका ठूलो सङ्ख्यामा सङ्क्रमण बढ्दै गएको पाइएको छ । उता युरोपका धेरै देशमा पछिल्लो समय कोरोना सङ्क्रमण बढ्दै गएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । सो सङ्गठनले आठ साताभित्र युरोपको आधाभन्दा बढी जनसङ्ख्या कोभिड सङ्क्रमित हुने चेतावनी दिएको छ ।

कोभिडको नयाँ भेरिएन्ट ओमिक्रोन फैलिएसँगै युरोपका विभिन्न देशमा सङ्क्रमण दर ह्वात्तै बढिरहेको बेला विश्व स्वास्थ्य सङ्गठनको चेतावनी आएको हो । पश्चिमबाट पूर्व फैलिएको ओमिक्रोनको लहरले सम्पूर्ण युरोप नराम्ररी प्रभावित भएको विश्व स्वास्थ्य सङ्गठनका हान्स क्लुगीले जानकारी दिएका छन् । रासस

**बेलायतमा एक हप्तामा ४३ लाख मानिसमा कोरोना भाइरस सङ्क्रमण भएको अनुमान**

लन्डन/सिन्हवा

बेलायतमा गत हप्ता ४३ लाख मानिसलाई कोभिड-१९ भएको अनुमान गरिएको छ । अघिल्लो हप्ताको कोरोना सङ्क्रमितको सङ्ख्या ३७ लाखबाट बढेर गत हप्ता ४३ लाख कायम भएको बेलायती राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस)ले जानकारी दिएको छ ।

इङ्गल्यान्डमा कोरोना भाइरसको फैलावट उच्च रहेको जनाइएको छ । यहाँको तथ्याङ्क अनुसार जनवरी ६ सम्म हप्तामा १५ जनामध्ये एकजनालाई कोरोना सङ्क्रमण भएको जनाइएको छ । वेल्समा गत हप्ता २० मध्ये एक जनामा अर्थात् गत हप्ता एक लाख ५७ हजार ९०० जना यो रोगबाट सङ्क्रमित भएको अनुमान गरिएको छ ।

स्कटल्यान्डमा २० मा एक वा दुई ९७ हजार ४०० भन्दा बढी व्यक्ति सङ्क्रमित भएको बताइएको छ । उत्तरी आयरल्यान्डमा एक हप्तामा दुई लाख ३८ हजार मानिस सङ्क्रमित भएका अनुमान गरिएको छ । कोभिड-१९ को सङ्क्रमण इङ्गल्यान्डको पूर्वी भाग र लन्डनबाहेक सबै क्षेत्रमा बढ्दै गएको बेलायती राष्ट्रिय तथ्याङ्क कार्यालयले जानकारी दिएको छ ।

बेलायतमा पछिल्लो २४ घण्टाको अवधिमा एक लाख २९ हजार ५८७ जनामा कोभिड-१९ सङ्क्रमण भएको छ । हाल बेलायतमा कुल कोरोना सङ्क्रमित सङ्ख्या १ करोड ४८ लाख ६२ हजार १३८ पुगेको बुधवार सार्वजनिक भएको आधिकारिक तथ्याङ्कले जानकारी दिएको छ ।

गत २४ घण्टामा बेलायतमा थप ३९८ जनाको कोरोना भाइरस सङ्क्रमणको कारण मृत्यु भएको छ । योसँगै कोरोनाको कारण मृतकको सङ्ख्या एक लाख ५१ हजारभन्दा बढी पुगेको बेलायती राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ । बेलायतमा १२ वर्ष र सोभन्दा माथिका ९० प्रतिशतभन्दा बढीले पहिलो डोज पाएका छन् र ८३ प्रतिशतभन्दा बढीले दुवै डोज खोप लगाएका छन् । पछिल्लो तथ्याङ्क अनुसार ६२ प्रतिशतभन्दा बढीले कोरोना भाइरस खोपको तेस्रो डोज प्राप्त गरेका छन् । रासस


पुस-माघको जाडोले मानिसमात्र होइन, जनावर पनि पीडित छन् । एक जोडी बिरालो छानामाथि घाम ताप्दै । तस्वीर: पङ्कज श्रेष्ठ

## १५ हजार परीक्षण गर्दा तीन हजार बढीमा सङ्क्रमण

काठमाडौं, २१ पुस/रासस

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण तीन हजार ५५३ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा १५ हजार ८१ परीक्षण गर्दा तीन हजार ५५३ सङ्क्रमण पुष्टि भएको हो । परीक्षण गराएकामध्ये २३.६ प्रतिशतलाई सङ्क्रमण देखिएको छ । सक्रिय सङ्क्रमितको सङ्ख्या १४ हजार ३४० पुगेको छ ।

पछिल्लो समय थप २७१ जना कोरोनाबाट निको भएर घर फर्केका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख १५ हजार ३४७ पुगेको छ । निको हुने दर ९६.९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । विगत २४ घण्टामा एक जनाको सङ्क्रमणको कारण निधन भएको छ । अहिलेसम्म ११ हजार ६१० जनाको निधन भएको छ । ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला मोरङ, काठमाडौं, ललितपुर, भक्तपुर र कास्की रहेका छन् । यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, चितवन, मकवानपुर, बाँके, रूपन्देही र कैलाली रहेका छन् ।

शून्य सङ्क्रमित भएका जिल्लामा मुगु मात्र छ । नेपालमा सङ्क्रमण दर १६.९ प्रतिशत रहेको छ । हाल होम आइसोलेशनमा १३ हजार ५०३, संस्थागत आइसोलेशनमा ८३७, आइसियुमा ११० र भेन्टिलेटरमा २५ जनाको उपचार हुँदैछ ।

**तीन लाख बढीले खोप लगाए**

विगत २४ घण्टामा तीन लाख ५६ हजार चारजनाले खोप लगाएका छन् । अहिलेसम्म पहिलो मात्रा एक करोड ५४ लाख ६४ हजार ३३५ जना र पूर्ण मात्रा एक करोड १६ लाख ९१ हजार ३९३ जनाले लगाइसकेका छन् ।

यसैगरी कोरोना भाइरसको सङ्क्रमण दिन प्रतिदिन बढ्दै गएको छ ।

नेपालमा ओमिक्रोन भेरिएन्ट पुष्टि भएसँगै सङ्क्रमण दैनिक बढिरहेको हो ।

## ठाराबमा बिआइटी कोर्स पढाउने तयारी

प्रस, परवानीपुर, २९ पुस/

नेपालकै पुरानो सरकारी क्याम्पसको परीक्षामा पास भएका विद्यार्थीहरूलाई स्नातक तहसरह चार वर्षे बिआइटी कोर्स



पत्रकार सम्मेलनमा कोर्षबारे जानकारी गराइँदै । तस्वीरः प्रतीक

रूपमा चिनिने ठाकुर राम बहुमुखी क्याम्पस वीरगंजमा सूचना प्रविधिसम्बन्धी पढाइ अर्थात बिआइटी कोर्स अध्ययन हुने भएको छ ।

ठाकुर राम बहुमुखी क्याम्पस प्रशासनले बिहीवार क्याम्पसको सभाहलमा पत्रकार सम्मेलन गरी कोर्स पढाइ गर्ने जानकारी गराएको छ । क्याम्पस प्रमुख डा उमेश चौरसियाका अनुसार माघ ३ गतेदेखि अनलाइन फाराम, अनलाइन भर्ना र त्यसपछि प्रवेश पढ्न पाउने छन् ।

प्रत्येक वर्ष ३६ जना विद्यार्थीको लागि कोटा पाएको र वीरगंजसँगै जनकपुर, पद्मकन्या क्याम्पस गरी तीन ठाउँमा त्रिभुवन विश्वविद्यालयले बिआइटी कोर्स दिएको उनले बताए । शुल्कको विषयमा अहिले निर्धारण नभएको जानकारी गराउँदै वीरगंजमा ठाराब क्याम्पसले यो कोर्स पाएपछि प्राध्यापकहरू खुशी भएका छन् ।

कम खर्चमा वीरगंज आसपासका विद्यार्थीले आधुनिक प्रविधिसम्बन्धी शिक्षा आर्जन गर्ने कोर्स पढ्न पाउने सुविधा थपिनु खुशीको कुरा भएको पूर्व सहायक क्याम्पस चिफ रोशन लामिछानेले बताए ।

पत्रकार सम्मेलनमा ठाराब क्याम्पसका सहायक क्याम्पस चिफ अनिल रमण, लेक्चरर हरेराम ठाकुर, प्रमोद कुशवाहालगायत अध्यापक तथा कर्मचारीहरूको सहभागिता थियो ।

गणित र अङ्ग्रेजी सय/सय पूर्णाङ्क लिई+२ शिक्षा वा ओभरसियर पढेकाहरूले यो कोर्समा भर्ना हुन पाउने छन् ।

## दश किलो चरेससहित महिला पक्राउ


तस्वीर सौजन्यः जिप्रका, पर्सा

प्रस, वीरगंज, २९ पुस/

प्रहरी चौकी इनर्वाले दश किलो चरेससहित एकजना महिलालाई बुधवार राति पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

वीरगंज-१६ शङ्कराचार्यद्वारबाट प्रहरीले चेकजाँचको क्रममा नेपालबाट भारतको रक्सौलतर्फ पैदल जाँदै गरेकी रौतहट पिपरिया परोवा नगरपालिका-९ बङ्कुल बस्ने ४२ वर्षीया रञ्जुदेवीलाई चरेससहित पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ । रञ्जुले ढाड, खुट्टामा पहेंलो रङको कपडाले बाँधेर तथा ज्याकेटको खल्तीमा लुकाएको १० किलो चरेस प्रहरीले बरामद गरेको जिप्रका, पर्साले जनाएको छ ।




## वार्ताबारे ईयु देशका रक्षामन्त्रीहरूलाई जानकारी

ब्रसेल्स, २९ पुस/एएनआई/स्पुतनिक/रासस

नाटोका महासचिव जेन्स स्टोल्टनबर्गले ब्रसेल्समा भएको गठबन्धन र रूसबीचको वार्ताको नतीजाबारे ईयु राष्ट्रका रक्षामन्त्रीहरूलाई जानकारी दिएको, ईयु विदेश नीति प्रमुख जोसेप बोरेलले बताएका छन् ।

"आज साँझ हामीले हाम्रो मिशनहरूमा ननस्टेट एक्टरहरूको हस्तक्षेपबारेमा छलफल गरेका छौं, शान्ति कार्यका लागि संयुक्त राष्ट्रका उपमहासचिव जीन-पियरे ल्याक्रोइक्स र जेन्स स्टोल्टेनबर्ग, जसले हामीलाई रूस-नाटोको नतीजाबारे जानकारी गराए"-काउन्सिल बैठकपछि, बोरेलले बुधवार ढिलो आफ्नो ट्विटरमा उल्लेख गरेका छन् । बुधवार रूस र नेटो २०१९ पछि पहिलोपटक वार्ताको लागि आमुन्नेसामुन्ने बसेका थिए ।

छलफलमा यदि युक्रेन वा सोभियत युद्धपछिको अन्तरिक्षमा कुनै अन्य देश गठबन्धनको सदस्य भएमा आफ्नो सिमाना नजीकैको सैन्य पूर्वाधारको उदयमा रूसको गम्भीर चिन्ताबीच नाटो विस्तार एजेन्डाको मुख्य विषय थियो । उक्त बैठकमा गठबन्धनले स्वैच्छिक आधारमा ब्लकमा सामेल हुने सार्वभौम राष्ट्रहरूको अधिकारमा आफ्नो अडान परिवर्तन नगर्ने कुरामा जोड दियो तर रूससँग थप वार्ताको आशा राखेको छ ।

दाइजो प्रथा गैरकानूनी हो,
यसको अन्त्य गरौं ।

वीरगंज महानगरपालिका

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

# वीरगंजलाई प्रादेशिक राजधानी बनाउन माग

प्रस, वीरगंज, २९ पुस/

किसान हकहित सङ्घर्ष समिति, पर्साले नेपाल पत्रकार महासङ्घ, पर्सामा पत्रकार सम्मेलन गरी वीरगंजलाई प्रादेशिक राजधानी बनाउनुपर्ने माग अगाडि बढाएको छ ।

समितिका अध्यक्ष सहरूमराउत गद्दीले प्रत्येक प्रजातान्त्रिक आन्दोलन र मधेस आन्दोलनमा वीरगंजको भूमिका अग्रणी रहेको र नेपालकै सन्दर्भमा सबैभन्दा बढी बन्द, हडताल, नाकाबन्दी, धर्नाको पीडा वीरगंजले भोगेको भन्दै मधेस आन्दोलन सफल बनाउने प्रमुख क्षेत्रलाई राजधानी बनाउनुपर्ने जिकिर गरे । उनले मधेस आन्दोलनमा सहभागी सबै दलले तत्कालीन अवस्थामा वीरगंजलाई प्रादेशिक राजधानी घोषणा गरेको र अहिले आएर अन्यत्र बनाउने प्रयास हुँदा सोविरुद्ध खडा भएको बताए ।

उनले पर्सा जिल्लाबाट प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रतिनिधिहरूलाई आफ्नो पदीय तथा व्यक्तिगत स्वार्थ बिर्सेर वीरगंजलाई राजधानी बनाउनुपर्ने कुरामा केन्द्रित हुन आग्रह गरे । उनले वीरगंजलाई प्रादेशिक राजधानी नबनाउने हो भने २ नं. प्रदेशलाई त्यागेर ३ नं. प्रदेशमा समावेश हुने चेतावनी दिए । वीरगंजको इतिहास नेपालको सन्दर्भमा सबैभन्दा पुरानो भएको भन्दै वीरगंज जनकपुरको तुलनामा सबै क्षेत्रमा अगाडि भएको भन्दै राजधानी बनाउनुपर्ने जिकिर गरे ।


पत्रकार सम्मेलनमा किसान हकहित सङ्घर्ष समिति । तस्वीरः नितेश कर्ण

यसैबीच लोसपा पर्साका नेता, कार्यकर्ताले संसदीय दलको नेता जितेन्द्र सोनललाई प्रदेशको राजधानी वीरगंज बनाउन माग गर्दै बिहीवार ज्ञापनपत्र बुझाएको छ ।

नेता सोनललाई बाराको नौतन गण्डकस्थित मधेस आश्रममा लोसपाका नेता राजेशमान सिंहको नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको थियो ।


नेता सोनललाई ज्ञापनपत्र बुझाउँदै । तस्वीरः प्रतीक

ज्ञापनपत्र बुझाउँदै सिंहले प्रदेशको स्थायी राजधानी र नामाकरण सम्बन्धमा यस अघि विवाद हुँदा जनकपुरलाई अस्थायी राजधानी बनाउने र वीरगंजको सन्दर्भमा पुनर्विचार गर्ने आश्वासन दिएको कारण त्यति बेला आन्दोलन स्थगित भएको थियो । अहिले आएर पुनः जनकपुरलाई स्थायी राजधानी बनाउने प्रयास हुँदा वीरगंजलाई राजधानी बनाउने माग अघि सारिएको हो ।

नेता सिंहले वीरगंजलाई राजधानी नबनाए पुनः आन्दोलन हुन सक्ने चेतावनी दिँदै यसको जिम्मेवारी दलका नेताहरू हुने बताए । सबैखाले पूर्वाधारबाट वीरगंज राजधानीको लागि जनकपुरभन्दा धेरै उपयुक्त भएको भन्दै सो विषयमा पार्टी र व्यक्तिगत तर्फबाट लबिङ गर्न नेता सोनललाई आग्रह गरिएको थियो ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा प्रेमबाबू पटेल, मुकेश द्विवेदी, उमेशलाल सहनी, मुस्तकिम अन्सारी, सुजीत गिरी, अफरोज आलम, वकिल मियाँ हवारी, शशि पाण्डेलगायत स्थानीय नेताहरूको सहभागिता थियो ।

# कोरोनामा परीक्षा लिएको भन्दै प्रअमाथि हातपात

प्रस, वीरगंज, २९ पुस/

वीरगंज महानगर–६ त्रिभुवन हनुमान माविका विद्यार्थीहरूले कोरोना सङ्क्रमण बढिरहेको बेला पनि परीक्षा लिएको भन्दै प्रदर्शन गरेका छन् ।

सो विद्यालयमा अर्धवार्षिक परीक्षा सञ्चालन भइरहेको र आज दिउँसो १ बजेको परीक्षामा विद्यार्थीहरूले कोरोना सङ्क्रमण बढ्दा पनि परीक्षा सञ्चालन गरिएको भनेर प्रधानाध्यापकमाथि हातपात गरेका थिए । प्रधानाध्यापकमाथि हातपात भएपछि वडा प्रहरी कार्यालय, बिर्ताको टोली गएर विद्यार्थीहरूलाई तितरबितर गरेको थियो । विद्यालयको विवादमा प्रहरी परिचालन गरेर दमन गर्न खोजेको भन्दै विद्यार्थीहरूले पुनः प्रदर्शन गर्दै घण्टाघरमा सडक अवरोध गर्न खोजेका थिए । त्यहाँ पनि प्रहरीले विद्यार्थीहरूलाई तितरबितर गरेको थियो ।


विद्यार्थीलाई तितरबितर गर्दै प्रहरी । तस्वीरः प्रतीक

त्यसपछि उनीहरू जिल्ला प्रशासन कार्यालय पुगेका थिए र प्रहरीले त्यहाँ पनि विद्यार्थीहरूलाई लखेटेर तितरबितर गरेको थियो । त्रिभुवन हनुमान माविमा बिहान ११ बजेसम्म शान्तिपूर्ण तरीकाबाट परीक्षा सम्पन्न भएको थियो । १ बजेपछि विद्यार्थीको एक समूह परीक्षा दिन तयार भएको र अर्को पक्ष कोरोनाको कारण परीक्षा लिन नहुने भनी विरोधमा उत्रेको थियो ।







कोरोना सङ्क्रमणदर घटेको मात्र हो:
पूर्णरूपमा हटेको छैन ।
त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा
स्वास्थ्य मापदण्डको अनिवार्य
पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## खेलकूदको संसार

# प्रधानमन्त्री कप क्रिकेट : सुदूरपश्चिम विजयी

काठमाडौं, २९ पुस/रासस

प्रधानमन्त्री कप राष्ट्रिय टी–ट्वान्टी क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको समूह 'ए' अन्तर्गतको खेलमा सुदूरपश्चिमले कर्णाली प्रदेशलाई ४७ रनले पराजित गर्दै प्रतियोगितामा पहिलो जित हासिल गर्‍यो ।

यस अघि सुदूरपश्चिम नेपाल पुलिस क्लबसँग दुई रनले पराजित भएको थियो । सुदूरपश्चिमले दिएको १५४ रनको चुनौती पछ्याउने क्रममा कर्णाली १९.१ ओभरमा सबै विकेट गुमाउँदै १०६ रनमा समेटियो । कर्णालीका कप्तान रवीन्द्र शाहीले सर्वाधिक ३५ रनको योगदान दिए । उनले ४३ बल खेल्दै चार चौका हाने । अर्जुन घर्तीले २४ बलमा तीन चौका र एक छक्काको मदतमा ३० रन जोडे । बलिङतर्फ सुदूरपश्चिमका शेर मल्लले सर्वाधिक ४ विकेट लिए । हेमन्त धामीले दुई तथा आदित्य महता, गजेन्द्र बोहरा र विकास आग्रीले एक–एक विकेट लिए ।

त्यस अघि टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १५३ रन जोड्यो । सुदूरपश्चिमका लागि अर्जुन साउदले सर्वाधिक ३२ रनको योगदान गरे । उनले २३ बल खेल्दै चार चौका र एक छक्का प्रहार गरे । वसन्त कार्कीले २८, दीपक बोहराले २५ र खड्ग बोहराले २२ रनको योगदान दिए ।

बलिङतर्फ कर्णालीका प्रकाश जैसीले सर्वाधिक ३ विकेट लिए । रवीन्द्र शाही र दिवान पुनले दुई–दुई तथा दिनेश अधिकारीले एक विकेट लिए । तीन खेल खेलेको कर्णालीको यो दोस्रो हार हो । यस अघि कर्णाली त्रिभुवन आर्मी क्लबसँग ६३ रनले पराजित भएको थियो । कर्णालीले प्रदेश नं १ लाई भने ३१ रनले पराजित गरेको थियो ।

# पर्सामा सङ्क्रमित बढ्दै, व्यवस्थापन फितलो

प्रस, वीरगंज, २९ पुस/

पर्सामा कोरोना सङ्क्रमित सङ्ख्या फेरि बढ्दैछ । नारायणी अस्पतालको पिसिआर प्रयोगशालामा पुस २६ गते ५८ जनाको पिसिआर गर्दा २२ जना सङ्क्रमित पुष्टि भएका थिए ।

सङ्क्रमित पुष्टि हुनेहरूमा काठमाडौं, रौतहट र बाराका एक/एकजना र बाँकी १९ जना पर्साका थिए । यसैगरी पुस २८ गते ९५ जनाको पिसिआर गर्दा ५१ जना सङ्क्रमित भएका र उनीहरूमध्ये बाराका ३, मोरङ, काठमाडौं, ललितपुरका १/१ जना गरी ४५ जना पर्सा जिल्लाको रहेको नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बताए ।

यसैगरी शङ्कराचार्य गेटमा भारतबाट आउनेहरूको पुस ८ गतेदेखि एन्टिजेन परीक्षण गर्दा पुस २८ गते बीस दिनको अवधिमा डेढ सयभन्दा बढी सङ्क्रमित पुष्टि भएका छन् । नेपाली सङ्क्रमितहरूलाई स्थानीय पालिका अन्तर्गत होम आइसोलेशनमा राख्न सुझाइएको तर भारतीयहरूलाई भारतीय प्रहरीको जिम्मा लगाउँदा उनीहरूले जिम्मेवारी स्वीकार गर्न नमान्दा भारततर्फ पठाउने गरिएको छ । भारतीय सङ्क्रमितहरू चोर बाटो नेपाल प्रवेश गरेको आशङ्का पनि छ । भारतीय पक्षले जिम्मेवारी पूरा नगर्दा उनीहरू चोरबाटो नेपाल प्रवेश गरेको हुन सक्ने आशङ्का गरिंदैछ ।


तस्वीरः प्रतीक

वीरगंज भन्सार कार्यालयमा सङ्क्रमित पुष्टि भएकाहरूका लागि बनाइएको होल्डिङ सेन्टर निर्माणाधीन अवस्थामा रहेकोले अहिले सङ्क्रमित पुष्टि हुनेहरूको उचित व्यवस्थापन गर्न सकिएको छैन । यसले अवस्थाले गर्दा समुदायमा सङ्क्रमण प्रसार हुने ठूलो आशङ्का देखिएको छ ।

# ठोरीमा कोरोनाविरूद्ध सचेतना, मास्क वितरण

प्रस, ठोरी, २९ पुस/

कोभिड –१९ को नयाँ भेरिएन्ट सङ्क्रमणको त्रास बढ्न थालेपछि इलाका प्रहरी कार्यालय, ठोरीले सक्रियता बढाएको छ । सङ्क्रमण रोकथामका लागि प्रहरीले सबै ठोरीवासीलाई अनिवार्य मास्क लगाउन आग्रह गर्दै अभियान थालेको छ ।

बिहीवार इलाका प्रहरी कार्यालय, ठोरीका प्रहरी निरीक्षक ब्रह्मदेव साहको नेतृत्वमा प्रहरीले गाउँपालिकाभित्रका विभिन्न ठाउमा मास्क वितरण गरेको छ । कोरोना सङ्क्रमण तीव्र गतिमा बढ्न थालेसँगै इलाका प्रहरी कार्यालय, ठोरीले बिहीवार ठोरीका विभिन्न ठाउँमा मास्क नलगाउने सर्वसाधारणलाई निश्शुल्क मास्क वितरण गर्दै कोभिड सङ्क्रमण रोकथाममा सक्रिय भएको छ।


ठोरीमा मास्क वितरणसहित सचेत गराउँदै प्रहरी । तस्वीरः माधव तिमल्सिना

कोरोना सङ्क्रमणबाट बच्न मास्क प्रभावकारी हुने भएपनि ठोरीमा पछिल्लो समय मास्क नलगाउने बानी बढ्दै गएपछि सङ्क्रमणबाट बच्न सर्वसाधारणलाई मास्क लगाउन आग्रह गरिएको इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक साहले जानकारी दिए ।

बिहीवार प्रहरीले ठोरीको टाउन बजार, रामनगर, ब्रह्मानगर, विजयबस्ती लगायत विभिन्न ठाउँमा मास्कविना हिंडडुल गरिरहेका स्थानीयलाई मास्क लगाउन आग्रह गर्दै सचेतनाको लागि निश्शुल्क मास्कसमेत वितरण गरेको उनले बताए ।

प्रहरीले कोभिड–१९ बाट बच्न पालन गर्नुपर्ने उपायहरूबारे सन्देशमूलक सामग्री प्रचारप्रसार गर्दै भीडभाड नगर्न आग्रह गरेको थियो । सो अवसरमा प्रहरीले स्थानीयलाई कोरोना सङ्क्रमणबाट बच्न मास्क सबैभन्दा प्रभावकारी उपाय भएकोले मास्कको महत्त्वबारे जानकारी दिंदै सधैं घर बाहिर निस्कँदा मास्क लगाउन आग्रह गरेको प्रहरी निरीक्षक साहले बताए ।

वागमती........

बजेट प्रवाह नहुँदा सो कार्य रोकिएको जानकारी गराए ।

अवलोकनमा बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवाल, नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य दिनेश राईलगायत सरोकारवाला निकायका प्रतिनिधि सहभागी थिए ।


टाँगियाबस्तीमा १४७६ घरधुरी छन् । तस्वीरः जीतलाल श्रेष्ठ